# प्रभाव दैनिक

National Daily

वर्ष १० अंक २७७ काठमाडौं सोमबार, २२ माघ २०८० Prabhab National Daily Monday, February 5, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/ ९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## संसद्‌लाई व्यस्त राख्ने तयारी



आइतबार नयाँबानेश्वरस्थित संघीय संसद् भवनको अवलोकन गर्दै सभामुख देवराज घिमिरे । *तस्बिरः रासस*

- सरकारको पहिलो प्राथमिकतामा ६३ विधेयक
- संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक, विद्यालय शिक्षा विधेयक, निजामती कर्मचारीसँग सम्बन्धित विधेयक पारित गर्ने पक्षमा सरकार
- संसद्मा प्रस्तुत हुन दलहरूको आन्तरिक तयारी पूरा
- 'रेकर्डबाट शब्द हटाइयोस्' भनेर माग नगर्न ओलीको निर्देशन

■ जेबी योञ्जन

**काठमाडौं–** संघीय संसद्को हिउँदे अधिवेशन आजदेखि सुरु हुँदै छ । विधेयक अधिवेशनका रूपमासमेत लिइने अधिवेशनमा सरकारले यसपटक पर्याप्त 'बिजनेस' दिने तयारी गरेको छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका अनुसार पहिलो प्राथमिकतामा ६३ वटा विधेयक संसद्मा प्रस्तुत गरिने छ । बिजनेस दिन नसकेको भन्दै आलोचना खेप्नुपरेको सरकारले यसपटकको अधिवेशनमा अधिक बिजनेस दिएर संसद्‌लाई व्यस्त बनाउने तयारी गरेको छ । हुन पनि बर्खे अधिवेशनमा संसद्बाट एउटा विधेयकमात्रै पारित भएको थियो । यसले गर्दा सरकार आलोचित भएको थियो । यसपटकचाहिँ सकेसम्म बढी बिजनेस संसद्‌लाई दिने पक्षमा सरकार छ ।

आजको बैठकमा सरकारको तर्फबाट राष्ट्रिय सभामा उत्पत्ति भएको विद्युतीय व्यापार विधेयक, २०८० र राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल गरिने कार्यसूची छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० पेस गर्ने भएका छन् ।

आजकै बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले मन्त्रिपरिषद्को निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ आदेश सदनमा पेस गर्ने कार्यसूची छ ।

संघीय संसद्का कार्यवाहक महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार बैठकको प्रारम्भमै सभामुख देवराज घिमिरेले राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउने छन् । त्यसपछि प्रतिनिधिसभाको नियमावली, २०७९ को नियम १० बमोजिम बैठकको अध्यक्षता गर्ने सदस्यहरूको मनोनयन गर्ने कार्यसूची छ ।

### दलहरूको तयारी

संसद्मा प्रतिनिधित्व गर्ने दलहरूले हिउँदे अधिवेशनमा कसरी प्रस्तुत हुने भन्ने तयारी गरेका छन् । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले आफ्ना सांसदहरूलाई संसद् बैठकमा प्रभावकारी ढंगले प्रस्तुत हुनेबारे शनिबार र आइतबार प्रशिक्षित गरेको छ । प्रशिक्षणपछि बोल्दै पार्टी अध्यक्ष केपी शर्मा ओलीले संसद्को रेकर्डबाट 'शब्द हटाइयोस्' भन्ने माग नगर्न पार्टीका सांसदहरूलाई निर्देशन दिएका छन् । बरु, संसद्मा गलत कुराको सख्त आलोचना र विरोध गर्नुपर्ने भन्दै उनले प्रशिक्षणमा भने, 'मेरो विचारमा रेकर्डबाट गल्ती बोल्नेका शब्दहरू हटाउन लगाउनु जरुरी छैन । त्यो मान्छे के छ भन्ने परिचय कायम रहन दिनुपर्छ । विरोध गर्नुपर्छ त्यसको । तर रेकर्डबाट हटाइयोस् भन्नचाहिँ पर्दैन ।'

### आशा जगाउने काम गर्नुपर्छ : सभामुख

सभामुख देवराज घिमिरेले कार्यान्वयनको सुनिश्चिततासहित संसद्बाट विधेयक पारित गर्नुपर्ने बताएका छन् । संसद् भवनको आइतबार अवलोकनपछि उनले राज्यलाई आवश्यक परेका विधेयकमाथि छलफल गरेर पारित गर्नुपर्ने बताए । उनका अनुसार संसद्को सौन्दर्यता आवश्यक विधेयक पारितपछि कार्यान्वयन गर्नु हो ।

त्यही भएर सरकारले संसद्मा अत्यावश्यक विधेयकहरू प्रस्तुत गरेर संसद्‌लाई व्यस्त राख्नुपर्नेमा जोड दिए । त्यसका लागि संसद् क्यालेण्डरअनुसार चलाउनुपर्ने उनले बताए । उनले प्रि-बजेट छलफलका लागि कानुनी प्रबन्ध अध्यादेशमार्फत आएको र सरकारले आवश्यक ध्यान दिइरहेको बताए ।

'सदनलाई बिजनेस दिएर लक्ष्यअनुरूप कानुन निर्माण गर्न सबैको प्रयत्न हुनुपर्छ । निराशा होइन, आशा जगाउनेतर्फ शिक्षा लिएर अघि जानुपर्छ,' सभामुख घिमिरेले भने ।

एमालेले संसद्मा सरकारको कामकारबाहीबारे छलफल र बहस गराउन चाहेको छ । त्यस क्रममा सुशासनको मुद्दालाई मूल मुद्दा बनाएर संसद्मा उठाउने तयारीमा एमाले जुटेको छ ।

(क्रमशः पृष्ठ २ मा)

सिभिल सहकारी ठगी प्रकरण

## इच्छाराजको परिवारबाट तीन अर्ब असुल्ने फैसला




- इच्छाराज तामाङलाई तीन वर्ष कैद र बिगोबमोजिम एक अर्ब ७२ करोड ४४ लाख ५९ हजार रूपैयाँ असुल गर्ने आदेश
- उनकी श्रीमती सिर्जना शाक्य तामाङलाई एक वर्ष छ महिना कैद र एक अर्ब तीन करोड ५४ लाख ४३ हजार रूपैयाँ र मामाससुरा केशवलाल श्रेष्ठलाई एक वर्ष छ महिना कैद, २५ करोड ६५ लाख ८६ हजार रूपैयाँ बिगो जरिवानाको फैसला

■ प्रभाव संवाददाता

**काठमाडौं–** विशेष अदालतले सम्पत्ति शुद्धीकरणमा दोषी ठहर भएका व्यवसायी इच्छाराज तामाङको परिवारबाट तीन अर्ब रूपैयाँ असुल गनुपर्ने फैसला सुनाएको छ । विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, न्यायाधीशहरू तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले सहकारी ठगीमा तामाङ परिवारलाई दोषी ठहर गर्दै आइतबार उक्त फैसला सुनाएको हो ।

अदालतले सजाय निर्धारण गर्दा तामाङलाई तीन वर्ष कैद र बिगोबमोजिम एक अर्ब ७२ करोड ४४ लाख ५९ हजार ९७ रूपैयाँ जरिवाना हुने फैसला गरेको हो । सिभिल सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका तामाङलाई यही माघ ७ गते अदालतले दोषी ठहर गरेको थियो । सोही दिन सजाय निर्धारणका लागि आइतबारका लागि पेशी तोकेको थियो ।

विशेषले इच्छाराजकी श्रीमती सिर्जना शाक्य तामाङलाई एक वर्ष छ महिना कैद र एक अर्ब तीन करोड ५४ लाख ४३ हजार ४८७ रूपैयाँ जरिवाना हुने फैसला गरेको छ । सोही मुद्दाका केशवलाल श्रेष्ठलाई एक वर्ष छ महिना कैद र २५ करोड ६५ लाख ८६ हजार १२४ रूपैयाँ बिगो तिर्नुपर्ने फैसला गरेको छ । केशवलाल नाताले इच्छाराजका मामाससुरा हुन् ।

अदालतले इच्छाराज, सिर्जना, केशवलाल, मीना श्रेष्ठ, प्रतीक्षा तामाङ र प्रतिष्ठा तामाङको नाममा रहेको सम्पत्ति जफत हुने फैसलासमेत गरेको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सिभिल सहकारी संस्थाका पूर्वअध्यक्ष तामाङसहित निजको परिवारका छ जनाविरुद्ध २०७९ साल भदौ १६ गते मुद्दा दायर गरेको थियो ।

### जरिवाना तिरे कैद धेरै बस्नुनपर्ने

पूर्वसांसद इच्छाराज ०७८ असोज १७ गते पक्राउ परेका थिए । विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीका अनुसार तामाङ जेल परेकै मितिबाट सजाय गणना हुन्छ ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

अभिमुखीकरण तालिमको शुल्कवृद्धि

## प्रधानमन्त्रीको निर्देशनले रोकियो, व्यवसायी निराश

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि जाने श्रमिकहरूलाई दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिमप्रदायक संस्थाहरूले संशोधित कार्यविधिअनुसार बढाइएको शुल्क कार्यान्वयनमा नआएकोप्रति चासो व्यक्त गरेका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पूर्वप्रस्थान अभिमुखीकरण तालिमसम्बन्धी संशोधित दोस्रो कार्यविधिमार्फत ७०० रूपैयाँबाट बढाएर दुई हजार १०० रूपैयाँ पुर्‍याएको थियो । यस्तै परीक्षा शुल्कबापत थप ७०० रूपैयाँ तोकिएको छ । तर, उक्त व्यवस्था कार्यान्वयनमा आएको छैन ।

संशोधित कार्यविधिमा दुई दिनको तालिमलाई तीन दिन बनाइएको छ । यसअघि तालिममात्रै प्रदान गर्ने गरेकोमा अब परीक्षा पनि दिनुपर्ने व्यवस्था गरिएको छ । उल्लिखित तालिमलाई व्यवस्थित र परिणाममुखी बनाउन भन्दै वैदेशिक रोजगार विभागले आवश्यक मापदण्ड तोकी सोहीअनुसार व्यवसायीहरूलाई तालिम सञ्चालन गर्न निर्देशनसमेत दिइसकेको छ। विभागको निर्देशनअनुसार अधिकांश तालिमप्रदायक संस्थाले आवश्यक भौतिक तथा अन्य पूर्वाधार तयार परेको व्यवसायीहरूले बताएका छन् ।

> वैदेशिक रोजगारीमा जाने श्रमिकलाई चर्को आर्थिक भार पर्ने गरी ल्याइएको तालिम शुल्कको चौतर्फी आलोचना भएपछि शुल्कवृद्धि कार्यान्वयनमा नल्याउन प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशन

तर वैदेशिक रोजगारीमा जाने श्रमिकलाई चर्को आर्थिक भार पर्ने गरी ल्याइएको तालिम शुल्कको चौतर्फी आलोचना भएपछि शुल्कवृद्धि कार्यान्वयनमा नल्याउन प्रधानमन्त्री पुष्पकमल दाहालले निर्देशन दिएका थिए । सरकारले नै कार्यविधि संशोधन गरेर तालिम शुल्क बढाउने र तालिमप्रदायक संस्था सञ्चालनका लागि मापदण्ड पनि तोक्ने निर्णय गरेका कारण व्यवसायीहरूले ढुक्क भएर तोकिएबमोजिम पूर्वाधार थपेको वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष रामराजा गौतमले बताए ।

'सरकारकै निर्णयअनुसार मापदण्डबमोजिम व्यवसायीले पूर्वाधार थप गरिसकेका कारण संशोधित कार्यविधि कार्यान्वयन हुनुपर्छ,' उनले भने, 'तालिम प्रदायक संस्थाहरूले ठूलो लगानी गरिसकेका छन्, बढेको शुल्क कार्यान्वयन नगर्ने हो भने व्यवसायीमाथि अन्याय हुन्छ, हाम्रा संस्थाहरूको जिममेवारी सरकारले लिनुपर्छ ।'

संशोधित कार्यविधिअनुसार प्रत्येक प्रशिक्षण कक्षामा ८४ इञ्चको (एन्ड्रोइड १३, ऱ्याम आठ जिबी, रूम एचडिडी १२८) भएको स्मार्ट बोर्ड दुइटा राख्नुपर्ने छ भने कम्प्युटर प्रिन्टर र विभागको फेइम्स प्रणालीसँग मेल खाने आइरिस रेटिना हाजिर मेसिन (आइरिस स्क्यानर)अनिवार्य हुनुपर्ने व्यवस्था छ । त्यस्तै कक्षाकोठा र प्रशिक्षककोसमेत मापदण्ड तोकिएको छ ।

सरकारले तोकेअनुसारको मापदण्ड पूरा गर्न र संस्थाको डेकोरेसनमा प्रत्येक व्यवसायीले १० लाख रूपैयाँभन्दा बढी लगानी गरिसकेको गौतमले बताए । 'संशोधित कार्यविधि कार्यान्वयन गर्न भन्दै सरकारले सूचना निकालेर मापदण्डअनुरूप पूर्वाधार राख भन्यो,' उनले भने, 'प्रधानमन्त्रीज्यूको निर्देशनपछि बढाइएको शुल्क कार्यान्वयनमा रोक लगाइएको छ, लगानी बढाएका व्यवसायी यतिखेर निराश छन् ।' हाल १४३ वटा तालिम प्रदायक संस्थाले अभिमुखीकरण तालिम दिइरहेका छन् ।

## विदेश पठाउने बहानामा ठगी गरेको अभियोगमा पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पठाउने बहानामा रकम संकलन गरी ठगी गरेको अभियोगमा तीनजना पक्राउ परेका छन् । रोमानिया, माल्दिभ्स र न्युजिल्याण्ड पठाइदिने भन्दै युवाहरूबाट रकम संकलन गरी फरार रहेको आरोपमा श्यामबहादुर भण्डारी, फूलमाया खत्री र चन्द्रबहादुर बुढाथोकीलाई प्रहरीले पक्राउ गरेको हो ।

काभ्रेको तेमाल गाउँपालीका-१ घर भई हाल काठमाडौं तार्केश्वर बस्ने भण्डारीले शरण बुढाथोकीलाई वैदेशिक रोजगारीका लागि रोमानिया पठाई एक प्रतिष्ठित कम्पनीमा पेन्टरको काम लगाइदिने भन्दै मासिक एक लाख रूपैयाँ तलब प्राप्त हुने प्रलोभन देखाएर पाँच लाख ७४ हजार रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । पीडितसँग पैसा लिएर सम्पर्कविहीन अवस्थामा रहेका उनलाई खोजतलासको क्रममा तार्केश्वरबाटै पक्राउ गरिएको बताइएको छ ।

यसैगरी माल्दिभ्स पठाइदिने बहानामा प्रकाश बुढाथोकीसँग चार लाख ४० हजार रूपैयाँ ठगी गरेको आरोपमा काठमाडौं काँडाघारी बस्ने खोटाङ बाक्सिलाकी खत्रीलाई पनि प्रहरीले पक्राउ गरेको छ । उनले पीडितलाई मासिक एक लाख रूपैयाँ तलब हुने गरी माल्दिभ्सको एक प्रतिष्ठित कम्पनीमा सेक्युरिटी गार्डको काम लगाइदिने भन्दै ठगी गरेको आरोप छ ।

यस्तै सल्यानको शारदा नगरपालिका घर भई हाल काठमाडौं सामाखुसी बस्ने बुढाथोकीले खड्गराज गिरीसमेत दुई जनालाई न्युजिल्याण्ड पठाइदिन्छु भन्दै ११ लाख ५० हजार रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । बुढाथोकीले पीडितलाई मासिक दुई लाख रूपैयाँ तलब हुने प्रलोभनमा पारी न्युजिल्याण्डको एक प्रतिष्ठित कम्पनीमा प्याकिङको काम लगाइदिने भन्दै ठगी गरेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका तीनै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




## पृष्ठ १ बाट क्रमशः

### इच्छाराजको परिवारबाट...

जसअनुसार उनले यसअघि नै दुई वर्ष पाँच महिना हिरासतमा बिताइसकेका छन् । यसअनुसार अब उनी थप सात महिना जेल बस्नुपर्ने छ । जरिवाना नतिरेको अवस्थामा भने उनी थप समय जेल बस्नुपर्छ ।

सिभिल सहकारीका तत्कालीन सञ्चालक इच्छाराजले तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ४ अन्तर्गतको कसुर गरेको भन्दै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले २०७९ भदौ १६ गते विशेष अदालतमा दुई अर्ब ७५ करोड ९९ लाख दुई हजार ५८४ रूपैयाँ कसुरजन्य सम्पत्ति प्राप्त गरेको र त्यसबाट ५५ करोड ८६ लाख ९० हजार ३५७ रूपैयाँ बढाएको सम्पत्ति गरी कूल तीन अर्ब ३१ करोड ८५ लाख ९२ हजार ९४२ रूपैयाँ बिगो कायम गरी मुद्दा दायर गरेको थियो ।

त्यसैगरी इच्छाराजकी श्रीमती सिर्जना शाक्य र छोरीहरू प्रतीक्षा तामाङ तथा प्रतिष्ठा तामाङ, हालका अध्यक्ष केशवलाल श्रेष्ठ र निजकी श्रीमती मीना श्रेष्ठलाई समेत प्रतिवादी बनाई सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको थियो । विशेष अदालतले गत माघ ७ गते इच्छाराज, सिर्जना र केशवलाललाई दोषी ठहर गरेको थियो ।

### को हुन् इच्छाराज ?

ओखलढुंगामा जन्मिएका इच्छाराज कुनैबेला नेपाली रियल स्टेटका 'बादशाह' थिए । सिभिल होम्सबाट नेपाली रियल इस्टेटमा इन्ट्री मारेका उनको रवाफ नै बेग्लै थियो । सिभिल ग्रुपका अध्यक्ष उनलाई नेकपा एमालेले संविधानसभा सदस्य बनाएको थियो ।

रसियाबाट सिभिल इन्जिनियरिङ गरेर फर्केका उनले साथीहरूसँग मिलेर २०५७ सालमा सिभिल सहकारी स्थापनासँगै व्यवसायिक क्षेत्रमा प्रवेश गरेका थिए । केही समयमै उनले नेतृत्व गरेको सिभिल समूहले अर्बौंको कारोबार थाल्यो । सिभिल ग्रुपले उनको नेतृत्वमा ९ वटा कम्पनी खडा गरे । सिभिल होम, सिभिल अपार्टमेन्ट, सिभिल क्यापिटल मार्केट, सिभिल बैंक, सिभिल इस्टेट, सिभिल इन्टर नेसनल कन्सल्टचान्ट, सिभिल ट्रेडिङ, सिभिल बिजनेस कम्प्लेक्स र सिभिल सेभिङ एन्ड क्रेडिट सहकारी लिमिटेड इच्छाराज तामाङकै नेतृत्वमा तयार भयो ।

तर सिभिल सहकारीको निक्षेप सदस्यका हैसियतमा एक व्यक्तिले लिन पाउने कर्जाको अधिकतम सीमालाई लत्याएर मनमौजी आफ्नै चार रियल इस्टेट कम्पनी (सिभिल होम्स, सिभिल इस्टेट, सिभिल अपार्टमेन्ट र सिभिल बिजनेस कम्प्लेक्स) मार्फत घरजग्गामा हाल्न र बैंक ऋणको किस्ता तिर्न प्रयोग गर्न थालेपछि उनको ओरालो यात्रा सुरु भएको थियो ।

■■■

### संसदलाई व्यस्त...

पछिल्ला समय देशमा अझ भ्रष्टाचार बढेको र जनतामा निराशा बढेको भन्दै एमालेले सरकार जनताप्रति जवाफदेही र उत्तरदायी हुनुपर्ने निष्कर्ष पनि निकालेको छ ।

'अहिले देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता, विकास, सुशासन र समृद्धिका मुद्दाहरूमा सरकार जुनखालको अवस्थामा उभिएको छ, जस्तो सरकारको अकर्मण्यता छ, यो विषय अबको सदनको पहिलो विषय बन्छ । प्रमुख एजेण्डाका साथ हामी प्रस्तुत हुन्छौं,' एमाले प्रमुख सचेतक पदम गिरीले भने ।

एमाले सांसदहरूलाई प्रशिक्षित तुल्याउँदा सत्तारूढ नेपाली कांग्रेसले भने बिहीबार नै संसदीय दलको बैठक राखेर संसदीय समितिसमेत हेर्ने गरी सांसदहरूलाई संयोजक तोकेर जिम्मेवारी दिएको छ । दलकी सचेतक सुशीला थिङले अधिवेशनको प्रारम्भमै संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक र सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक पास गर्न जोडबल गर्ने बताएकी छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल अध्यक्ष रहेको दल नेकपा माओवादी केन्द्रले आज बिहान साढे ८ बजे संसदीय दलको बैठक बोलाएको छ । संसद् बैठकमा कसरी प्रस्तुत हुने भन्नेबारे छलफल हुने प्रमुख सचेतक हितराज पाण्डेले बताए । 'अरू खास केही होइन । आजदेखि सुरु हुने संसद् बैठकमा माओवादी कसरी प्रस्तुत हुने ? संसद्लाई थप प्रभावकारी बनाउन कस्तो भूमिका निर्वाह गर्नुपर्छ ? यसबारे नै बैठक केन्द्रित हुने छ,' पाण्डेले प्रभावसँग भने ।

सत्तारुढ नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले महत्त्वपूर्ण विधेयकहरू पास गर्ने आफूहरूको तयारी रहेको बताए । अधिवेशनलाई विधेयक केन्द्रित बनाउनेगरी तयारी भएको उनको भनाइ छ । उनले संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक, विद्यालय शिक्षा विधेयक, निजामती कर्मचारीसँग सम्बन्धित विधेयकलाई गतिका साथ अगाडि बढाइने बताए । 'संसद् अधिवेशनलाई व्यवस्थित र विधेयक केन्द्रित बनाउने गरेर सोचिरहेका छौं,' उनले भने, 'कार्यतालिका बनाएर सदनलाई व्यवस्थित गर्नेबारे पनि सोचेका छौं ।'

रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पनि संसद्मा प्रस्तुत हुने तयारीलगायतका विषयमा गृहकार्य गर्न र त्यसअनुसार प्रस्तुत हुने रणनीतिका लागि उपसभापतिद्वय स्वर्णिम वाग्ले र डोलप्रसाद अर्याललाई जिम्मेवारी तोकेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँगै नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी (नाउपा) लगायतले समेत संसद्मा प्रस्तुत हुने रणनीतिबारे पूर्वतयारी गरेका छन् ।

हिउँदे अधिवेशन सञ्चालनका लागि प्राविधिक तथा भौतिक पूर्वाधार व्यवस्थापनको तयारी पूरा भएको संघीय संसद् सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाले जानकारी दिए । उनले भने, 'सभामुखबाट विधेयकबारे कानुन, न्याय तथा संसदीय मामिलासम्बन्धी मन्त्रीसँग परामर्श भइसकेको छ । नियमितरूपमा गर्नुपर्ने सबै काम पूरा भएका छन् ।'

नेपालको संविधानले स्थायी, प्रबुद्ध समूहको प्रतिनिधित्व रहने माथिल्लो सदन राष्ट्रिय सभा र तल्लो सदन प्रतिनिधि सभा रहने व्यवस्था गरेको छ । यसपटकदेखि अधिवेशनलाई कानुन निर्माणका हिसाबले प्रभावकारी र चुस्त तुल्याउन पाक्षिकरूपमा क्यालेण्डर बनाएर जानुपर्छ भन्नेमा दुवै सभामा तयारी भएको छ । तयारीका सन्दर्भमा हरेक १५-१५ दिनमा कार्यतालिका बनाउने र त्यसका आधारमा बैठक सञ्चालन गरिने छ ।

# आदिवासी संस्कृतिलाई युनेस्कोमा अभिलेखन गर्न पहल गरिने : प्रधानमन्त्री

**काठमाडौं (प्रस)-** प्रधानमन्त्री पुष्पकमल दाहालले आदिवासी जनजातिको सांस्कृतिक सम्पदालाई युनेस्कोमा अभिलेखन गर्न पहल गर्ने बताएका छन् । आदिवासी जनजाति आयोगको तेस्रो स्थापना दिवसका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा उनले उक्त प्रतिबद्धता जनाएका हुन् ।

प्रधानमन्त्री दाहालले आदिवासी जनजातिको अन्तर ाष्ट्रिय श्रमसम्बन्धी महासन्धि कार्यान्वयन गर्नका लागि सरकारले यथासम्भव पहल लिनेसमेत बताए । 'आदिवासी जनजातिको ज्ञान र सीपलाई संरक्षण एवं प्रवर्द्धन गरी राष्ट्रिय आय वृद्धि गर्न पहल गरिने छ,' उनले भने ।

प्रधानमन्त्री दाहालले जनसंख्याको अनुपातमा नीति निर्माण तहमा आदिवासी जनजातिहरूको प्रतिनिधित्व हुन नसकेका विषयमा नेपाल सरकारको तर्फबाट आवश्यक पहल हुने बताए । आदिवासी जनजाति समुदायमाथि तत्कालीन राज्यसत्ताले गरेको विभेद र उत्पीडनविरूद्ध आदिवासी जनजाति समुदायले आफ्नो पहिचान र प्रतिनिधित्वका लागि गरेको संघर्ष र बलिदानको परिणाम आदिवासी जनजाति आयोगको व्यवस्था भएको उनले उल्लेख गरे ।

'सामान्य मिहेनत र संघर्षबाट प्राप्त भएको उपलब्धि होइन यो । सामन्ती तथा एकात्मक सत्ताले विभिन्न वर्ग, जाति, क्षेत्र, लिंग र समुदायमाथि गरेको दमन र उत्पीडनका विरूद्ध हजारौं योद्धाको रगत पसिना र लाखौं जनसमुदायको संघर्षबाट आजका उपलब्धिहरू प्राप्त भएका हुन्,' प्रधानमन्त्री दाहालले भने ।

आयोगका अध्यक्ष रामबहादुर थापामगरले आदिवासी जनजाति समुदायको उत्थान तथा प्रवर्द्धनका लागि आयोगले सरकारसँग समन्वयकारी भूमिका निर्वाह गर्दै आएको बताए । उनले सो समुदायको सांस्कृतिक, भाषिक, धार्मिक, राजनीतिक, शैक्षिक विकास तथा उनीहरूको परम्परागत ज्ञान र सीप विकासका लागि विशेष नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेमा जोड दिए ।

नेपालको संविधानको धारा १६१ मा भएको व्यवस्थाअनुसार २०७७ माघ २१ गते आदिवासी जनजाति आयोग स्थापना भएको हो । यही दिनलाई आयोगले हरेक वर्ष स्थापना दिवस मनाउँदै आएको छ


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLDEN MAX READY MIX CONCRETE COMPANY

पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 296214 | चलानी नं. ६०२११२९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SONS OF SULEIMAN AHMED AL KHAMIS TRANSPORT COMPANY

पुर्व स्वीकृति मिति २०८०/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 299333 | चलानी नं. ६०२१४३२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AHED ARIF BIN ZAID AL MUTAIRI GENERAL CONTRACTING ESTABLISHMENT

पुर्व स्वीकृति मिति २०८०/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 297171 | चलानी नं. ६०२१२१७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 4 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EUROSTEEL & TOOLS SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०३/१२ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/१०/२१ | LT. No. 270444 | चलानी नं.६०१८६४६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SUPERB ALUMINIUM INDUSTRIES SB

पूर्व स्वीकृति मिति : २०७९/१२/१८ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/१०/२१ | LT. No. 283651 | चलानी नं.६०२०१९९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Api Manpower Solutions Pvt Ltd**
Lic No. 1115/073/074
Kusunti-14, Lalitpur, Nepal
Tel:+977-01-5554927, 5554928 E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com


## पुनर्वास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/१०/२२)**

यस कार्यालयबाट मिति २०८०/०७/१७ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपुर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| ठेक्का नं. | बोलपत्रदाताको नाम | आयोजनाको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर र PS सहित) |
|---|---|---|---|
| PUN/MUN/080/81-004 | T.S.N-Tiger-Sagarmatha JV, Gokarneshwar-07, Kathmandu (T.S.N. Construction Pvt.Ltd.-Tiger construction and suppliers pvt.ltd, Sagarmatha construction company pvt.ltd) | Ward No-05 Simari Chock To West Ward No-02 Dasrath Basti To Ward No-01 Dhakka Pirtha Rana Chock Road Punarbas-05,02 and 01, Kanchanpur | 3,98,26,243.05/- |

प्रमुख प्रशासकीय अधिकृत


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SADKA TRADING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/१०/२१ | LT. No.299362 | चलानी नं६०२१४३३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 2 | 0 | 3000 | ११०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 2000 | ७३,३६५ | | | | | | | |
| 3 | Electric | 9 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 4 | Electrician Gen | 2 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 5 | Foreman | 2 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 6 | General Supervisior | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 7 | Labour | 3 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 8 | Marketing Represent | 2 | 0 | 3000 | ११०,०५० | | | | | | | |
| 9 | Mason | 4 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 10 | Pipe Fitter | 2 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 11 | Plumber | 9 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 12 | Reinforce Fitter | 1 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 13 | Representative | 2 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 14 | Supervisior | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 15 | Technician | 1 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 16 | Tile Maker | 2 | 0 | 1200 | ४४,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING CO..

पूर्व स्वीकृति मिति २०८०/१०/१९ | LT. No. 299213 | चलानी नं. ६०२१४२५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 10 | 0 | 1000 | ३५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NABA SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१८ | LT. No. 299196 | चलानी नं. ६०१८४२३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GUARD | 10 | 0 | 1800 | ६५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KINGFISHER OVERSEAS PVT.LTD**
श्रम ईजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIVATE LIMITED COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 274664 | चलानी नं. ६०१९०३२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning | 1 | 0 | 1000 | ३५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाःरु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAINA RESTAURANT CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८०/१०/१९ | LT. No.299395 | चलानी नं.६०२१४३६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOK/COOK HELPER | 2 | 0 | 225 | ९७,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN HELPER/CLEANER | 4 | 0 | 150 | ६४,८५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः निःशुल्क कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

# उपप्रधानमन्त्री खड्कासँग उपनिर्वाचनबारे छलफल



**काठमाडौं (प्रस)**- प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले रिक्त रहेका विभिन्न २५ पदमा हुने उपनिर्वाचनका सम्बन्धमा आइतबार उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्कासँग छलफल गरेका छन् । सिंहदरबारस्थित रक्षा मन्त्रालयमा भएको भेटमा हालै सम्पन्न राष्ट्रिय सभा निर्वाचन र अब गर्नुपर्ने उपनिर्वाचनका विषयमा छलफल गरेका हुन् ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य तथा रिक्त स्थानीय तहको उपनिर्वाचनका लागि आयोगले सरकारसँग परामर्श गर्ने संवैधानिक व्यवस्था छ । आयोगले यसअघि आगामी वैशाखभित्र उपनिर्वाचन गर्न सक्ने भन्दै सरकारलाई सुझाव दिइसकेको छ ।

विभिन्न कारणले रिक्त रहेका ती पदमा आयोगले उपनिर्वाचन गराउन लागेको हो । निर्वाचन आयोगका अनुसार हाल प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा एक/एक पद रिक्त छन् । इलाम निर्वाचन क्षेत्र-२ बाट निर्वाचित नेकपा एमालेका सांसद सुवासचन्द्र नेम्बाङको गत भदौ २६ गते निधन भएको थियो भने सुदूरपश्चिम प्रदेश बझाङ निर्वाचन क्षेत्र नं १ प्रदेश १ बाट निर्वाचित नेपाली कांग्रेसका प्रदेशसभा सदस्य पृथ्वीबहादुर सिंहको सवारी दुर्घटनामा परी निधन भएपछि ती स्थानमा उपनिर्वाचन हुने भएको हो ।

आयोगका अनुसार हाल प्रतिनिधिसभा सदस्यमा एक, प्रदेशसभा सदस्यमा एक, जिल्ला समन्वय समिति प्रमुखमा दुई, नगर उपप्रमुखमा एक, गाउँपालिका अध्यक्षमा एक, गाउँपालिका उपाध्यक्षमा दुई र विभिन्न पालिकाका १७ वडाध्यक्षसहित २५ रिक्त पद छन् । ती पदमा उपनिर्वाचनका लागि आयोगले उपप्रधानमन्त्री खड्कासँग आवश्यक छलफल गरेको उपप्रधानमन्त्री खड्काको सचिवालयले जनाएको छ ।

## कोठा खाली गरिदिने १५ दिने सूचना

का.जि. का.म.न.पा वडा नं १६ धारा गल्लीमा स्थाई बसोवास भएको मिना पाण्डेको नाममा कायम भएको कित्ता नं २३४ क्षेत्रफल ०-५-०-१ ब.मि मा बनेको घरमा भाडामा बस्दै आएको चितवन घर भएको मनोज चौधरी विगत ५ महिना देखि भाडा नतिरि सम्पर्क विहीन भएको ले यो सुचना प्रकाशित भएको मितीले १५ दिन भित्र करारको परीपालना गरी बहाल रकम लिई उपस्थित हुनु होला अन्यथा करार भङ्ग भई कानुन बमोजीम कोठा खाली गराईने जानाकारी गराउछु ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/१०/२२

यस कम्पनीको मिति २०७९/१०/२४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **राष्ट्र गुरु योगी नरहरिनाथ अध्ययन तथा अनुसन्धान प्रतिष्ठान प्रा.लि. (प्रा.लि. नं. २८५३४७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/११/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **योगी नरहरिनाथ अध्ययन तथा अनुसन्धान प्रतिष्ठान सुर्खेत प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनी खारेजी सूचना

यस कार्यालयमा मिति २०६९/०३/१४ मा दर्ता भएको प्रा.लि.नं. ९४२९ को **नेशनल इन्टरप्रेनरसीप डेभलपमेन्ट नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/२१ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/२२ गते)

श्री मिन बहादुर कर्माचार्यको छोरा, श्री रुकमणि कर्माचार्यको पति का. जि. का.म.न.पा. वडा नं १४ कुलेश्वर बस्ने च्याण्टा बहादुर कर्माचार्य (खाता खोल्ने फाराममा उल्लेख भएको नाम : श्री सि.वि. कर्माचार्य) को मिति २०६०/०१/३० मा मृत्यु भएको व्यहोरा जानकारी प्राप्त भएकोले निजको नाममा यस बैंकको बागबजार शाखामा रहेको खाता नं. २०४०२३५०२२३००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको नाति नाताका विक्रम कर्माचार्यले यस बैंकको बागबजार शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय बागबजार, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय बागबजार, काठमाण्डौं फोन नं ०१-४२४६१०५**

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/१०/२२**

श्री त्रिशक्ति सामुदायिक वन उपभोक्ता समुहको आ.व. २०७९/८० को C1S1 मा गरिएको पुनरूत्पादन कटान, सबै कम्पार्टमेन्टमा गरिएको दलापडा संकलन तथा अग्नीरेखा निर्माण कार्य मार्फत यस सामुदायिक वनबाट उत्पादन भई समूहको ओभरी स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल समेत अन्य जात (असना, खयर, दवदवे, धौटी, सादन, बर्रो, कर्मा आदी) जातको काठ थान १४३६ को परिमाण ९७४३.७५ क्यु.फिट र दाउरा साल जातको १२.५० र अन्य जातको ११.०० गरि दाउरा जम्मा २३.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूहराप्ती**
**राप्तीसोनारी-८, ओभरी बाँके**


## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: ZERO ONE GOLDEN RESTAURANT FOR SERVING MEALS
पूर्व स्वीकृति मिति २०८०/१०/१९ | LT. No.299330 | चलानी नं. ६०२१४२९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org
श्रम ईजाजत नं. ६१९/०६३/०६४



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAFE TEA N SALTY FOR DRINK SERVICE
पूर्व स्वीकृति मिति: २०८०/०९/०६ | LT. No. 296866 | चलानी नं. ६०२१४०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ३५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
श्रम ईजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MNT CONTRACTING AND SERVICES WLL
पूर्व स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 299288 | चलानी नं. ६०२१४३२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 1 | 0 | 1200 | ४४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 2000 | ३६,६८५ | | | | | | | |
| 3 | Foreman | 14 | 2 | 2500 | ९१,७१० | | | | | | | |
| 4 | Gen. Clean Worker | 85 | 26 | 1000 | ३६,६८५ | | | | | | | |
| 5 | Labor Services | 60 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 6 | Labourer | 18 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 7 | Manager | 1 | 0 | 6000 | २२०,१०० | | | | | | | |
| 8 | Marketing Representative | 2 | 0 | 3000 | ११०,०५० | | | | | | | |
| 9 | Receptionist | 0 | 3 | 1700 | ६२,३६० | | | | | | | |
| 10 | Representative | 3 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 11 | Sales Supervisor | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 12 | Salesman | 0 | 1 | 1500 | ५५,०२५ | | | | | | | |
| 13 | Secratery | 0 | 3 | 2100 | ७७,०३५ | | | | | | | |
| 14 | Secretary | 2 | 0 | 2100 | ७७,०३५ | | | | | | | |
| 15 | Supervisor | 12 | 4 | 2500 | ९१,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**LEADER OVERSEAS PVT.LTD.**
Govt. License 1408/074/75
Samakhusi-26, Kathmandu, BAGMATI
Ph No.01-495039
Email :leaderoverseas2018@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES
पूर्व स्वीकृति मिति २०७९/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 278288 | चलानी नं. ६०१९३७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 95 | 900 | ३२,४६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manager | 2 | 4 | 3000 | १०८,२०५ | | | | | | | |
| 3 | Waiter | 20 | 95 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST
पूर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 274949 | चलानी नं. ६०१९१०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 65 | 900 | ३२,४६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Waiter | 0 | 62 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST
पूर्व स्वीकृति मिति २०७९/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 271028 | चलानी नं. ६०१८६८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 20 | 900 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Manager | 0 | 3 | 3000 | १०८,२०५ | | | | | | | |
| 5 | Marketing Specialist | 5 | 30 | 1200 | ४२,७५० | | | | | | | |
| 6 | Waiter | 5 | 20 | 1000 | ३६,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BHANU CLEANING AND CONTRACTING
पूर्व स्वीकृति मिति २०८०/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 297414 | चलानी नं. ६०२१२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५५,०२५ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५५,०२५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६८५ | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५५,०२५ | | | | | | | |
| 15 | Supervisor | 4 | 0 | 3000 | ११०,०५० | | | | | | | |

कम्पनी :MULTIPLEX CLEANING & CONT. WLL
पूर्व स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 299392 | चलानी नं. ६०२१४३४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Busin. Excutive | 0 | 1 | 3000 | ११०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 3 | Gen.clean Worker | 22 | 20 | 1000 | ३६,६८५ | | | | | | | |
| 4 | Gen.director | 1 | 0 | 6000 | २२०,१०० | | | | | | | |
| 5 | Labourer | 32 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 6 | Painter | 1 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 7 | Plaster Worker | 2 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 8 | Representative | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 9 | Supervisor | 3 | 0 | 2500 | ९१,७१० | | | | | | | |

कम्पनी :MONASTIC CLEANING & CONTRACTING WLL
पूर्व स्वीकृति मिति २०८०/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 288633 | चलानी नं. ६०२०३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 6 | 0 | 4000 | १४६,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९९,०५५ | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 17 | 10 | 1000 | ३६,६८५ | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 6 | MANAGER VARIETY | 1 | 0 | 6000 | २२०,१०० | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | ११०,०५० | | | | | | | |
| 8 | SUPERVISIOR | 8 | 2 | 2500 | ९१,७१० | | | | | | | |

कम्पनी :CORE CLEANING AND CONTRACTING
पूर्व स्वीकृति मिति २०८०/०४/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 289900 | चलानी नं. ६०२०५२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Data Analyzer | 5 | 0 | 2700 | ९९,०५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 3 | General Clean Worker | 7 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 4 | Labour | 12 | 0 | 1000 | ३६,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, E-mail: jalajalarecru2017@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FRIENDSHIP INTEGRATED BUSINESS
पूर्व स्वीकृति मिति २०८०/१०/२१ | LT. No. : 299365 | चलानी नं. ६०२१४३५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 2 | 0 | 1400 | ५१,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen.clean Worker | 2 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 3 | Hotel Service | 0 | 1 | 1100 | ४०,३५० | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 1400 | ५१,३५५ | | | | | | | |
| 5 | Representativ | 0 | | 2200 | ८०,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ARAB TECHNICAL CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८०/१०/१९ | LT. No. 299285 | चलानी नं. ६०२१४३१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 1 | 0 | 1000 | ३६,६८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Busin. Executive | 1 | 0 | 3000 | ११०,०५० | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1500 | ५५,०२५ | | | | | | | |
| 4 | Gen.clean Worker | 1 | 0 | 1000 | ३६,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# संसद्को काम देखाउने पालो

**संघीय संसद्को तेस्रो अधिवेशन आजबाट सुरू हुँदै छ । निर्वाचित भएर वर्षदिन नाघिसक्दा पनि सदन प्रभावकारी हुन नसक्दा सांसदहरूको आलोचना बढ्दो छ । कानुन बन्ने थलो हो, संसद् । तर सांसदहरूले खासै तदारुकता नदेखाउँदा विधेयकहरू अलपत्र परेका छन् । जसका कारण लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनमा ढिलाइ भइरहेको छ । असार १८ पछि लामो समय बन्द भएको संसद् बल्ल सुरू हुँदै छ ।**

**लामो समय संसद् नै नचल्नु, संसद्मा सांसदहरूको सक्रिय सहभागिता नहुनु, संसदीय समितिमा उपस्थित नहुनुजस्ता विषयले कानुन निर्माणमा ढिलाइ भएको हो । आलोचना बढेपछि दलहरूले अधिवेशन बस्नुअघि तयारी थालेका छन् । कांग्रेसले आफ्नो सांसदलाई बैठक भएको बेला सकेसम्म काठमाडौं नछाड्न भनेको छ । आफ्नो दलबाट सरकारमा सहभागी मन्त्रीहरूलाई सम्बन्धित संसदीय समितिमा पुगेर कुरा सुन्न आग्रह गरेको छ । यसैगरी एमालेले पनि संसद्मा आफ्नो भूमिका प्रभावकारी बनाउन दुई दिन बैठक राख्यो ।**

**सरकारको कामकारबाही चित्त नबुझाएको प्रमुख प्रतिपक्षी दल एमाले कानुन निर्माणको विषयमा आफ्नो सशक्त भूमिका निभाउने निर्णय गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी, माओवादी केन्द्र पनि विधेयक पारित गराएर काम देखाउने पक्षमै देखिन्छ । यसअघि सभामुख देवराज घिमिरेले पनि काम देखाउन भन्दै पटक–पटक संसदीय समितिका सभापतिहरूलाई निर्देशन दिएका थिए ।**

**सदनमा अहिले तीन विधेयक विचाराधीन छन् भने आठ विधेयक समितिमा गएकै छैन । आगामी फागुन १५ गतेसम्मको सम्भावित तालिकामा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ)सम्बन्धी विधेयकलाई प्राथमिकतामा राखिएको छ । मनी लाउण्डरिङसम्बन्धी विधेयक पारितका लागि संसद्ले फागुन १० गतेको समय तोकेको छ । उक्त दिन शून्य समय, विशेष समय, मन्त्रालयगत प्रश्नोत्तर, राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ लाई समितिमा पठाउने र मनी लाउण्डरिङ विधेयक, २०७९ लाई पारित गर्ने सम्भावित कार्यसूची रहेको छ ।**

**मनी लाउण्डरिङसम्बन्धी विधेयक संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिमा दफावार छलफल सकेर संसद्मा पेस भइसकेको छ । यससम्बन्धी संसद्मा दफावार छलफल र प्रधानमन्त्री पुष्पकमल दाहालसँग प्रश्नोत्तर भने माघ २३ गतेका लागि तोकिएको छ । उक्त दिन विपक्षी दलका नेताहरूलाईसमेत समय दिने बताइएको छ ।**

**शान्ति प्रक्रिया टुंगो पुऱ्याउन तातेको पुष्पकमल दाहाल नेतृत्वको सरकार संक्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी) विधेयकबारे भने मौन देखिन्छ । कानुन, न्याय तथा मानवअधिकार समितिबाट तीन शीर्ष नेतालाई सहमतिको लागि जिम्मा लागेको यो विषय सम्भावित संसदीय क्यालेण्डरमा परेको छैन । नयाँ संविधानलाई कार्यान्वयनमा ल्याउन र शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउन यो संसद् प्रभावकारी बनोस् ।**

मनन्योग्य

## चाणक्य नीति

त्यहाँ राक्षसजस्तो बुद्धिमान् महामात्य छ, वीरताले मुक्त विशाल सेना छ, तर कसैले पनि पत्यार गर्दैनन्, किन कि नन्दको हातमा मगध सुरक्षित आम्भीजस्तै बनेर नन्दले पनि सिकन्दरको दासता स्वीकार गऱ्यो भने के होला ? यस्तो विचार गर्दै विष्णुगुप्तको मुख रातो-रातो भयो र मुखबाट एक्कासी 'अहँ अहँ चाणक्यले यस्तो हुन दिदैन' भन्ने बोली निस्कियो' मातृभूमिको रक्षार्थ सम्पूर्ण ज्ञान र प्राण पनि बलिदान गर्नेछ ।'

म पहिले राजा पुरुलाई भेटेर मात्र पाइला चाल्छु । कैकेय देशलाई सतर्क पार्नुपर्छ सिकन्दर अगाडि नबढोस्, चाणक्यले यसरी युक्ति सोचे । यस्तैमा पुनः यात्रा आरम्भ भयो । चाणक्यको पहिलो यात्रा र अहिलेको यात्रामा अन्तर थियो । पहिले निराश्रित, अहिलेको ४५ वर्षे अनुभव प्राप्त लौहपुरुष सिकन्दरलाई र महानन्दजस्ता क्रूर राजालाई जित्न असम्भव लाग्दैनथ्यो । उनीसँग सामार्थ्य, ज्ञान, मातृभूमिको अमिट प्रेम छ र अनि छ एउटा सँगठित भारतवर्ष बनाउने आकांक्षा थियो ।

एउटा ठूलो उद्देश्यमा समर्पित विष्णुगुप्तले राजा पुरुको कैकेय देश नन्द प्रवेश गरी उनीसँग भेट गरे । राजाले विष्णुगुप्तको चर्चा सुनेका थिए । विष्णुगुप्तका स्वागत गरे ।' मैले बुझिसकेको थिए सिकन्दरको अबको लक्ष्य कैकेयमा पर्छ पुरुने विश्वास दिलाए, पञ्चनदका बालक मातृभूमिका लागि आफ्नो प्राण अर्पण गर्न तत्पर छन् विष्णुगुप्तले धेरै कूटनीतिक र सामरिक महत्त्वका तौरतरिकाका कुराहरू पुरुलाई बताएर आफू अगाडि बढे ।

पुरुसँग आम्भी रिस गर्थे । सिकन्दर सिन्धु नदी पार गरी लक्षशीलामा पस्यो । आम्भीले सिकन्दरसँग सन्धि गरेको थियो । पुरुले आफ्नो सेनालाई बलियो सशक्त पार्न थालिसकेका थिए भने आफ्ना गुप्तचरहरूलाई पनि चारैतिर फैलाएका थिए ।

पुरुको राज्य झेलन र चिनारको बीचमा पर्दथ्यो । उनले आफ्नो राज्यमा सिकन्दरका सेना प्रवेश गर्न नसकुन् भनी पूरा बन्दोवस्त गरेका थिए । पुरुको यस व्यवस्थाले अहिलेसम्म सिकन्दर त्यहाँ प्रवेश गर्न सकेको थिएन ।

यस्तै, धेरै दिन बिते । सिकन्दरको भाग्य बलियो थियो । एक दिन ठूलो वर्षा भयो । झेलम नदी पानीले भरिई पार गर्नसक्ने अवस्था थिएन । पुरुले सपनामा पनि सोचेका थिएनन् । सिकन्दर यस्तो समयमा पनि युद्ध गर्न अग्रसर हुन्छ । पुरुका सेना नदी बढेको हुँदा आफ्ना शिविरमा निश्चिन्त थिए । क्रमशः

# क्यान्सरको भय, भ्रम र निदान



▶▶ डा. प्रकाश बुढाथोकी

" अर्बुदरोग हुने सम्भावना बढाउनेमा रासायनिक विकीरण, विषाणु, हर्मोन, दीर्घकालीन घर्षण, चोटपटक, धातु, प्लास्टिक पर्दछन् । सुर्ती तथा सुर्तीजन्य पदार्थजस्तैः धूमपान, खैनी, बिडीको सेवन र मादकपदार्थको सेवन यसका मुख्य कारण हुन् । तयारी खाना, बासी खाना र बढी चिल्लो भएको खानाले पनि क्यान्सरको जोखिम बढाउँछ भने विषालु रसायन, आर्सेनिक, निकेल, अस्वेस्टस, अल्कत्रा र तारले पनि क्यान्सर हुन मद्दत गर्दछ । एक्सरे, अल्ट्राभाइलेटजस्ता विकीरण पनि यसका कारण हुन सक्छन् ।

गुल्मी-तम्घास घर भएका रामकृष्ण देब्रे घाँटीमा घाडो आएपछि क्यान्सर नै भयो भनी अत्तालिएर सेटेलाइट क्लिनिकको राजधानी मानिने बुटवलमा र त्यसपछि भरतपुर पुगी एफएनएसी तथा बायोप्सी नै गराए । जहाँ उनीजस्तै गाडो, गठखलो र पिलो भएका थुप्रै बिरामी थिए । मुखबाट रगत र पिप लगातार बहँदा तथा गाउँघरका मानिसले थरिथरिका भयानक कथा सुनाउँदा पनि केही नलागेका रोल्पा थवाङका तेमन बुढा स्वास्थ्य शिविरमा आएका थिए । न यस समस्याले दुःख दिएको छ, न खाना नै मागेको छ, किन पैसाको कुटुरो बोकी चिकित्सकलाई बुझाउने भनी प्रतिवाद गर्दै थिए ।

क्यान्सर सानो उमेरमा हुँदैन, स्तन क्यान्सर महिलालाई मात्र हुन्छ, गिर्खा देखिनेबित्तिकै क्यान्सर हो, म्यामोग्रामले दुख्छ, क्यान्सर भएपछि मरिन्छ, केमोले झन असर गर्छ, क्यान्सर सरुवा रोग हो भन्नेजस्ता भनाइ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थुप्रै स्वास्थ्य शिविरहरूमा सुन्न पाइन्छ । अन्तर्राष्ट्रिय क्यान्सर नियन्त्रणका लागि युनियन (युआइसिसी)का अनुसार क्यान्सरबाट बर्सेनि ७० लाख जना मर्ने गरेका छन् भने एक करोड १० लाख जना नयाँ क्यान्सरका बिरामी देखा पर्दछन् । मुटु तथा नशा रोगपछि मानिसको ज्यान लिने दोस्रो भयानक रोग पनि हो । यो क्रम जारी रहे बर्सेनि एक करोडभन्दा बढीको मृत्यु क्यान्सरबाट हुने अनुमान गरिएको छ । वर्तमान विश्वमा हुने कूल मृत्युमध्ये १३ प्रतिशत कारक तत्त्व क्यान्सर हो र करिब ९० प्रतिशत क्यान्सर खानपिन, रहनसहन, वातावरण, जीवनशैली आदिको कारणले र १० प्रतिशत शरीरको आन्तरिक कारणले हुने गर्दछ । विश्व स्वास्थ्य संगठनअनुसार विश्वमा प्रतिवर्ष ६० लाखभन्दा बढी, नेपालमा २५-३० हजार मानिस यस रोगबाट पीडित हुने गरेका छन्, जसमा आधाभन्दा बढी महिला नै पर्दछन् । नेपालमा प्रत्येक एक लाख जनसंख्यामा १०० देखि १२० जना नयाँ क्यान्सरका रोगीहरू प्रत्येक वर्ष थपिने र करिब ७५ हजार क्यान्सरका रोगी हर समयमा नेपालमा भएको अनुमान छ । एकातिर यस्तो भयावह स्थिति छ भने अर्कोतिर क्यान्सर बनाउन सक्ने कारणहरू विगतका दशकमा १२ सय गुणाले उत्पादन तथा प्रचारप्रसारमा वृद्धि भएको तथ्यांकले हामी स्वास्थ्यकर्मी मात्र हैन, स्वास्थ्यप्रति सचेत जनता र राष्ट्रलाई नै चिन्ताको विषय बनाएको छ ।

### क्यान्सर के हो ?

शरीरको अंगप्रत्यंगका कोषहरू वा कोषिकाहरू अनियन्त्रित र असामजस्य रूपमा अस्वाभाविक आकार र संख्यामा वृद्धि भएर शरीरलाई प्रतिकूल असर पार्ने, नसर्ने रोगहरूमध्येको सबैभन्दा डरलाग्दो र प्राणघातक रोग क्यान्सर हो । क्यान्सरले आफू नजिकका तन्तुहरूलाई असर पार्नुका साथै शरीरमा एक स्थानबाट अर्को स्थानमा तन्तुमा रगत, लिम्फ आदिबाट सर्न वा असर पार्न सक्दछ । तर एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैन । अर्बुदरोग उपचार गर्न सकिने एक दुःख हो जुन पुरुषमा प्रायःजसोको उपचार हुन्छ र महिलामा झन् सुरुमै पत्ता लगाउन सकिन्छ ।

### किन क्यान्सर हुन्छ ?

अर्बुदरोग हुने सम्भावना निश्चितरूपले बढाउनेमा रासायनिक विकीरण, विषाणु, हर्मोन, दीर्घकालीन घर्षण, चोटपटक, धातु, प्लास्टिक पर्दछन् । सुर्ती तथा सुर्तीजन्य पदार्थ; जस्तैः धूमपान, खैनी, बिडीको सेवन र मादकपदार्थको सेवन यसका मुख्य कारण हुन् । तयारी खाना, बासी खाना र बढी चिल्लो भएको खानाले पनि क्यान्सरको जोखिम बढाउँछ भने विषालु रसायन, आर्सेनिक, निकेल, अस्वेस्टस, अल्कत्रा र तारले पनि क्यान्सर हुन मद्दत गर्दछ । एक्सरे, अल्ट्राभाइलेटजस्ता विकीरण पनि यसका कारण हुन सक्छन् । इबिभी, एचपिभी, एचएसभी-१, सिएमआई, भारिसेला जुस्टर जस्ता भाइरसको प्रवेश तथा भिटामिन ए, ई र सी, खनिज तत्त्व, फलाम, जस्ता, तामा र म्यागनिजजस्ता पोषणको कमी, असुरक्षित यौन व्यवहार एवं हर्मोन र स्ट्रोजेन र टिएसएचका कारण पनि क्यान्सर हुन सक्दछ । कतिपय व्यक्तिमा उमेर पाको हुँदै जाँदा र वंशानुगत आधारमा पनि यो रोग भएको पाइन्छ ।

आमाबाबु दुवै या एकमा क्यान्सर भएमा सन्तानमा हुनसक्छ । जस्तैः आँखामा हुने क्यान्सर रेटिनोब्लास्टोमा र स्तनक्यान्सर हरेक व्यक्तिले आफ्नो आहार-विहारमा परिवर्तन गरेमा ४० प्रतिशत क्यान्सर रोक्न सकिन्छ । धूमपान वा सुर्तीसेवन फोक्सो र शरीरका अन्य भागमा क्यान्सर बनाउने मुख्य कारण हो । आधुनिक जीवनशैली, रेस्टुरेन्टको विकास तथा पाश्चात्य परम्पराको नक्कलले गर्दा विभिन्न किसिमका सेकुवा तथा मदिराको प्रयोगमा बढोत्तरी भएको छ । पोलेको मासुमा नाइट्रोसमाइन रसायन हुने भएकाले मद्यपानसँगै खाँदा मुख, खाद्यनलीको क्यान्सर हुन सक्छ । रक्सीको साथ चिनियाँ बदम खानेलाई कोलन (दिशानली) र कलेजोको क्यान्सर हुन सक्छ । त्यसैगरी गाडीको टायर बाल्दा उत्पन्न हुने धुवाँमा डाइअक्सिन हुने भएकाले क्यान्सर हुन सक्छ । पुरुषको लिंगमा जम्मा हुने सेतो पद्धार्थले क्यान्सर गराउन सक्ने भएकाले प्रत्येक पुरुष तथा महिलाले लिंग र योनी सधैँ सफा राख्नुपर्दछ । सफा नराख्दा लिंग र पाठेघरको क्यान्सर हुने जोखिम उच्च रहन्छ ।

### लक्षणहरू के-के हुन् त ?

क्यान्सर बालबालिकादेखि वृद्धसम्म सबैलाई लाग्न सक्छ । तर पनि जति उमेर बढ्दै गयो त्यति नै क्यान्सर लाग्ने सम्भावना बढ्दै जान्छ । तर क्यान्सरको प्रकृति र किसिममा भने भिन्नताहरू हुन्छन् । नेपालमा देखिएका क्यान्सरहरूमा पुरुषमा मुख तथा घाँटीको, फोक्सोको र ठूलो आन्द्राको सबैभन्दा बढी पर्दछ भने स्त्रीमा पाठेघरको मुखको, स्तन र फोक्सोको क्यान्सर तथा बालबालिकामा रगत र आँखासम्बन्धी क्यान्सर बढी देखिएको छ । सरकारी आँकडा हेर्दा पुरुषमा फोक्सोको, महिलामा स्तनको र बालबालिकामा रगतको क्यान्सर प्रमुख पाइन्छ ।

सुरुका आठ लक्षणहरूमा विनाकारण वजन घट्न जाने, अपच वा खाना निल्न गाह्रो हुने, दिशा वा पिसावको बानीमा फरक पर्न जाने, असाधारण रक्तश्राव वा पिप आउने र उपचारबाट पनि पुरानो घाउ निको नहुने हुन्छ । त्यस्तै हतपत निको नहुने खोकी वा घोक्रो स्वर भएमा, कोठीको रङ र आकारमा परिवर्तन देखापरेमा र स्तन वा शरीरका अन्य भागमा दुख्ने वा नदुख्ने गिर्खा आएमा पनि क्यान्सरको लक्षण मान्न सकिन्छ । यस रोगमा अंगअनुसार लक्षणहरू पनि फरक-फरक देखिने गर्दछ । क्यान्सर लागिसकेपछि व्यक्ति दुब्लो, पातलो, कमजोर हुँदै जाने, भोक नलाग्ने, रक्तअल्पत्ता हुने र प्यारानियोब्लस्टिक सिन्ड्रोम हुँदै सिकिस्त हुन्छ र अन्त्यमा मृत्यु हुन्छ ।

### निदान कसरी गर्न सकिन्छ ?

बिरामीको इतिहास सविस्तार जाँच गरेर, रगत, दिशा, पिसाबको परीक्षण गरेर, सियोले गिर्खाबाट पानी झिकी परीक्षण गरेर (एफएनएसी) तन्तु वा कोषको बायोप्सी गरेर, साधारण तथा स्पेसल एक्सरे अल्ट्रासोनोग्राम, सिटी स्क्यान, एमआरआई र इन्डोसकपिक जाँच गरेर क्यान्सरको निदान गर्न सकिन्छ । क्यान्सरको स्टेजअनुसार उपचार फरक पर्ने भएकाले क्यान्सरको स्टेजिङ गर्ने गरिन्छ । पहिलो र दोस्रो स्टेजको क्यान्सरलाई सुरुको अवस्था तथा तेस्रो र चौथो स्टेजलाई जटिल अवस्था मानिन्छ । पहिलो स्टेजमा रोग उत्पन्न भएकै ठाउँमा सानो रूपमा दोस्रो र तेस्रो स्टेजमा सोही ठाउँमै ठूलो र जटिल रूपमा रहेको तथा चौथो स्टेजमा रोग अन्य भागमा सरेको अवस्था वा मेटास्टासिस हो ।

### उपचार के हुन सक्छ ?

कुनै पनि क्यान्सरको उपचार कति सफल रहन्छ भन्ने कुरा क्यान्सरको अवस्था, स्थान, प्रकार तथा किसिमले साथै बिरामीको स्वास्थ्य अवस्था र उमेरले पनि निर्धारण गर्दछ । यदि सुरुकै अवस्थामा नै क्यान्सरको निदान हुन सक्यो र उपचार सुरु गरियो भने उमेर ढल्किसकेका र रोगको अवस्था जटिल तथा ढिलो भइसकेकामा भन्दा सफल रहन्छ र क्यान्सर निको भई धनजनको क्षति न्यूनीकरण गर्न सकिन्छ ।

सोलिड ट्यूमरको उपचारमा शल्यक्रिया विकीरण र केमोथेरापिको प्रयोग गरिन्छ भने रगतसम्बन्धी क्यान्सरमा मुख्यतया केमोथेरापी र केहीमा विकीरणको प्रयोग गरिन्छ । निदानमा धेरै समय लाग्ने उपचारको क्रममा बारम्बार अस्पताल आउनु पर्ने, विभिन्न परीक्षणहरू बारम्बार गराउनुपर्ने, विकीरण तथा केमोथेरापीका कुप्रभाव, पार्श्वे प्रभावले बिरामी तथा आफन्तमा नकारात्मक सोच ल्याउने भएकोले बिरामी स्वयं आफन्तहरू संलग्न चिकित्सकहरू र स्वास्थ्यकर्मीहरूमा धैर्यताको आवश्यकता पर्दछ । क्यान्सरको उपचारमा कुन उपचार गर्दा बिरामीलाई अत्यधिक लाभ हुन्छ भनी निर्णय गर्न क्यान्सरसम्बन्धी विभिन्न विशेषज्ञहरूको आपसी सहकार्य अत्यन्त आवश्यक हुने भएकाले विशेषज्ञहरूको भेला ट्युमर बोर्ड गठन छ ।

क्यान्सर लागेको भागलाई चिरफार गरी निकाल्ने विधि शल्यक्रिया, कोषनाशक औषधिहरूको प्रयोगद्वारा गरिने उपचार विधि केमोथेरापी, विकीरणद्वारा क्यान्सर कोषहरू सेकी उपचार गर्ने विधि रेडियोथेरापी, कतिपय क्यान्सरको वृद्धि हुनुमा शरीरमा हर्मोनको उपस्थिति बढी हुनेमा उक्त हर्मोनको भाग हटाइदिएर वा हर्मोनको प्रयोगद्वारा उपचार गर्ने विधि हार्मोनथेरापी र क्यान्सर रोग रोक्न सक्ने क्षमतालाई वृद्धि गर्ने विधि इम्युनोथेरापी क्यान्सरको उपचारमा प्रयोग गरिन्छ ।

### क्यान्सरबाट कसरी बच्ने ?

हालसम्म प्राप्त ज्ञान, सीप र प्रविधिले एकतिहाइ क्यान्सर हुनुअगावै रोकथाम गर्न सकिने, अर्को एकतिहाइ समयमै पत्ता लगाइ उपचार गरी निको गर्न सकिने र बाँकी एकतिहाइलाई निको पार्न नसके पनि यस रोगबाट हुने पीडा कम गरी स्तरीय आयु लम्ब्याउन सकिन्छ । एक अध्ययनअनुसार महिलामा ६० प्रतिशत र पुरुषमा करिब ४० प्रतिशत क्यान्सरको कारक तत्त्व असन्तुलित भोजन नै हो । सुरुमा उपचार गरे क्यान्सर निको हुन्छ । तैपनि क्यान्सरबाट पाइने दुःख, हुने विकृति र विभिन्न समस्या तथा लाग्ने उपचार खर्चलाई सजिलैसँग नियन्त्रण गर्न सकिने भएकोले रोगको उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हुन्छ ।

- चुरोट, बिडी, खैनी, पान, तम्बाखु र गुटखाजस्ता लागुपदार्थ तथा सुर्तीजन्य पदार्थको सेवन नगर्ने ।
- सडेगलेका, बासी, ढुसीपरेका, बेसी रंगाइएका, बुट्टाबुट्टी भएका र अखाद्य रङ मिसाइएका खानेकुरा नखाने ।
- बेसी पोलेको मासु, डढेका खानेकुरा र बढी तातो, चिसो, चिल्लो खाना नखाने, जाँडरक्सी सेवन नगर्ने वा थोरै मात्रा लिने,
- प्रत्येक दिन शारीरिक व्यायाम गर्ने ।
- स्वच्छ सफा, ताजा, हरियो सागपात, पहेँलो फलफूल, गेडागुडी, रेसाजन्य तथा पौष्टिक पदार्थ भएको शाकाहारी र सन्तुलित भोजन गर्ने (मासु खानै परे पनि सेतो मासु खाने) ।
- नक्कली र जथाभावी औषधिको प्रयोग नगर्ने, खाना खाइसकेपछि मुख सधैँ सफा राख्ने, वातावरणीय प्रदूषणबाट जोगिने ।
- धेरै जनासँग यौनसम्पर्क नराख्ने ।
- अनावश्यक मोटोपन घटाउने र नियमित शारीरिक व्यायम गर्ने, नून धेरै हालेको खाना कम खाने ।

अन्त्यमा, सन् २०२२ देखि २०२४ सम्म फेब्रुअरी ४ को 'नारा क्लोजिङ द ग्याप इन केयर' अर्थात् क्यान्सरको उपचारमा हुने असमानताको अन्त्य गरौं भन्दै मनाइँदै छ । स्वास्थ्यप्रति चेतनशील रहने र नियमित स्वास्थ्य परीक्षण गर्नेजस्ता व्यक्तिगत एवं वातावरणीय सरसफाइ, उचित खानपान तथा स्वस्थ जीवनयापन गर्नाले क्यान्सर रोगबाट जोगिन सकिन्छ । त्यसैगरी सुरुकै अवस्थामा रोग पत्ता लगाइ उपचार गरेमा धेरैजसो क्यान्सर पूर्णतया निको पार्न सकिन्छ र दीर्घायु तथा मानवोचित, जीवनयापनमा सहयोग पुग्दछ । *रासस*

*(लेखक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता हुन्)*

पत्र-मञ्जुषा

# यातायात समिति ब्युँताउने चलखेल

सार्वजनिक काम गर्न सहज होस् भनेर सरकारले संस्था ऐन, २०१८ र संस्थान ऐन, २०३४ दर्ता गर्न स्वीकृति दियो । गृह मन्त्रालयअन्तर्गत ७७ वटै जिल्लाको सिडिओ कार्यालयमा यो दर्ता भयो । यस ऐनअन्तर्गत दर्ता गरिने संस्था मुनाफाहित हुनुपर्छ । अर्थात् सामाजिक कार्यबाहेक मुनाफा आर्जन गर्ने कार्य गर्न पाइँदैन ।

तर यो संस्था ऐनअनुसार दर्ता गरी व्यापार गरियो । यातायात समिति र नेपाल यातायात व्यवसाय राष्ट्रिय महासंघ पनि यही ऐनमा दर्ता भएको थियो । यो ऐनमा दर्ता भएको यातायात समिति र महासंघका पदाधिकारीहरूले नयाँ गाडी हाल्ने धनीसँग दुई लाखदेखि १५ लाख रूपैयाँसम्म अशुल्थे ।

राज्यलाई ५०० रूपैयाँ तिरेर गाडी साहुहरूले रोडपर्मिट पाउँथे तर समिति र महासंघलाई भने १५ लाख बुझाउनुपर्थ्यो । जबकि बाटोमा राज्यको लगानी छ । यो समिति वा महासंघमार्फत ११ लाख सार्वजनिक यातायात चलेका थिए । यसमा १८ खर्ब यातायात व्यवसायीको लगानी छ ।

एउटा गाडीमा १० लाखदेखि ८० लाखसम्म लगानी गरिएको छ । दिनमै एउटै गाडीले पाँच हजारदेखि ५० हजार कमाउँछ । अहिले पनि यातायात क्षेत्रमा सिण्डिकेट छ । लामो समयदेखि ढुवानी गाडी, ट्याक्सी र फोस्टक ट्याम्पोको नयाँ दर्ता खुलेको छैन । देशैभरको बाटो अहिले पनि यातायात समिति र महासंघको कब्जामा छ ।

यातायात व्यवसायीहरू दिनमै सरकारले तोकेको भन्दा बढी भाडा यात्रुसँग असुलेर ठग्छन् । व्यवसायीहरूसँग सरकारले ३२ वटा शीर्षकमा लिनुपर्ने राजस्व साढे तीन दशकदेखि बढेको छैन । सरकारलाई राजस्व बढाउन नदिन व्यवसायीहरू विभिन्न कार्य गर्दै आइरहेका छन् ।

बाटोमा राज्य र जनताको लगानी छ । यातायात व्यवसायीहरूको सुको लगानी छैन । व्यवसायीहरूले भाडाको गाडीमा गरेको लगानी तीनदेखि पाँच वर्षमा उठाउँछन् । तर, यातायात क्षेत्रमा विगतदेखि एउटैको रजगज चलिआएको छ । नयाँ व्यवसायी आउन पाएको छैन । आमसर्वसाधारण सार्वजनिक यातायातमा चढ्दा व्यवसायीहरू गुन्द्रुक खाँदेझैं यात्रु खाद्छन् । ज्येष्ठ नागरिक, अपांगता भएका, विद्यार्थीहरूले भाडा छुट पाउँदैनन् । झुण्डिएर यात्रा गर्नुपर्ने बाध्यता छ, यात्रुहरूलाई । यातायात व्यवसायीहरूले सेवा गर्ने नाममा संस्था दर्ता गरी जनता ठग्ने र सरकारलाई कर नतिर्ने काम गर्दै आइरहेका छन् ।

नयाँ गाडी बेच्ने अटो शोरुम, बीमा कम्पनीसँग पनि कमिशन खान्छन् । त्यस्तै, सवारी दुर्घटनामा मृत्यु भएका यात्रुका आफन्तलाई बिमा रकम नदिई समिति र महासंघका पदाधिकारीहरू मिलेर रकम पचाउँछन् । अहिले पनि महासंघ र समितिका नेताहरूले गाडी धनीसँग दिनमै एक हजार ५०० रूपैयाँ लेबी भन्दै उठाउँछन् ।

०७५ वैशाख ४ गतेको मन्त्रिपरिषद्को बैठकले देशैभर दर्ता भएका यातायात समिति (३०७) र महासंघ (१) खारेज गर्ने निर्णय गऱ्यो । ०७५ वैशाख २३ गते गृहमन्त्री, अर्थमन्त्री, यातायात मन्त्री र राष्ट्र बैंकका गभर्नर सम्मिलित बैठकले यातायात समितिको सम्पूर्ण चल-अचल सम्पत्ति रोक्का गरी राष्ट्रियकरण गर्ने निर्णय गरेको थियो ।

त्यसयता निस्क्रिय रहेको यातायात समिति फेरि ब्युँताउने चलखेल भइरहेको सुनिन्छ । यातायात क्षेत्रका सीमित समूहलाई पोस्ने यस्तो कार्य ठीक हुँदैन । त्यसैले यो कार्य रोक्नका लागि दबाब बढाउन जरुरी छ । जनविरोधी कार्य गर्नबाट रोक्नुपर्छ ।

***– कमल खत्री, धुम्बाराही***

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

हिमाली जिल्लामा पुनः हिमपात

# हिउँदेबालीलाई राहत, जनजीवन कष्टकर



**सिमकोट (हुम्ला)**- हुम्लामा आइतबार पुनः हिमपात भएको छ । यस वर्ष जिल्लामा चौथोपटक हिमपात भएको हो । शनिबार दिउँसो घाम लागेको भए पनि राति एक्कासि मौसममा फेरबदल भई बाक्लो बादल लागेर आइतबार बिहानदेखि हिमपात भएको हो ।

बिहानदेखि हिमपात भइरहँदा सदरमुकाम सिमकोटमा एक इन्च बढी हिउँ जमेको छ भने उत्तरी नाम्खा गाउँपालिकाको लिमीमा दुई इन्च बढी हिउँ जमेको लिमी स्वास्थ्यचौकीका स्वास्थ्यकर्मी गोखर भण्डारीले बताए ।

स्वास्थ्यकर्मी भण्डारीकाअनुसार लिमीमा अत्यधिक चिसो बढेकाले जनजीवन कष्टकर बनाएको बताए । चिसोले लिमीका स्थानीयलाई समस्या बनाएको बताए । चिसोका कारण घरबाहिर निस्कन र हिँड्डुल गर्न समस्या बनाएको उनले जानकारी दिए । उत्तरी नाम्खा गाउँपालिकाको लिमी, हिल्सा, नारालेख, याङ्गारलगायतका उच्च भागमा बाक्लो हिउँ जम्नुका साथै हिमपात भइरहेको छ ।

उत्तरी नाम्खा, सिमकोट, खार्पुनाथलगायत अधिकांश उच्च क्षेत्रमा हिमपात र होचो स्थानमा पानी परेको छ । यसपटक लगातार दुई दिनपछि परेको हिमपातले जेठासी बाली गहुँ, जौ, उवालाई राम्रो हुनुका साथै कात्तिके बाली लगाउनमा सहयोग भएको स्थानीय कमल भण्डारीले बताए ।

जिल्लाको एकमात्रै अन्तरजिल्ला जोड्ने यातायातको साधन हवाई सेवा अवरुद्ध भएको छ । यतिबेलासम्म एक-दुई उडान नेपालगञ्ज, सुर्खेतबाट गरिसक्ने निजी एयरलाइन्सका सेवा अवरुद्ध भएको हो ।

### जुम्लामा पनि हिमपात

आइतबार बिहानदेखि जुम्लालगायत माथिल्लो कर्णालीका जिल्लामा हिमपात भएसँगै यहाँको जनजीवन प्रभावित भएको छ । अत्यधिक चिसो मौसममा यो वर्षको हिउँदे याममा जुम्लामा हिमपात भएपछि किसानले लगाएको हिउँदे बालीनाली निकै राहत पुगेको गुठीचौर गाउँपालिका स्थानीय दीपक बुढाले बताए । हिउँ पर्न थालेपछि बढेको अत्यधिक जाडोले जुम्लाको जनजीवन कष्टकर बनेको छ ।

निजी विद्यालयमा पठनपाठन बन्द भएको स्थानीय सरिता थापाले जानकारी दिइन् । अहिले लगातार हिउँ परेको छ । सरकारी कार्यालय खुले पनि सेवाग्राही सेवा लिन नआएको तिला गाउँपालिकाले जनाएको छ । जिल्लाको तापक्रम 'माइनस'मा पुगेको हावापानी फिल्ड कार्यालय जुम्लाले जनाएको छ । हिउँ परेपछि सदरमुकाम खलंगाको बजार बन्द भएको छ । यातायातका साधन राम्रोसँग चल्न पाएका छैनन् ।

हिमपातका कारण हिउँदे बालीलाई निकै राहत पुगेको कृषि विकास कार्यालय जुम्लाका कृषि प्राविधिक सुष्मा बुढाले बताए । स्याउका नयाँ बिरुवा लगाउने समय पनि भएकाले हिउँ पर्दा सहज भएको उनको भनाइ छ । हिमपातपछि कर्णालीको हवाई सेवा अवरुद्ध भएको छ । *रासस*

# हात्ती प्रभावित क्षेत्रमा ६ फिट अग्लो पर्खाल

**सुनसरी (प्रस)**- इटहरी उपमहानगरपालिका क्षेत्रमा जंगली हात्तीको आक्रमण बढ्दै गएपछि छ फिट अग्लो पर्खाल निर्माण सुरु गरिएको छ । दैनिकरूपमा आउने जंगली हात्तीको आक्रमणबाट स्थानीयवासी त्रसित तथा रातभर जाग्राम बस्न बाध्य भएपछि पर्खाल निर्माण सुरु गरेको इटहरी उपमहानगरपालिकाका प्रमुख हेमकर्ण पौडेलले जानकारी दिए । इटहरी-२ मा हात्तीको आक्रमणबाट एक जनाको मृत्यु हुनुका साथै दुईजना घाइते भएका छन् । जंगली हात्तीको समूहले स्थानीयवासीको घर भत्काउनुका साथै बालीनाली तथा अन्नमासमेत क्षति गर्ने गरेको छ । स्थानीयलाई तत्काल हात्तीको आक्रमणबाट जोगाउन साइरन जडान, लाइट व्यवस्थापन गरी सबैभन्दा बढी हात्ती प्रभावित इटहरी-२ मा छ फिट अग्लो पर्खाल बनाउन सुरु गरेको उनले जानकारी दिए ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOOD FORTUNE GENERAL MAINTENANCE - SOLE PROPRIERTORSHIP LLC .

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | LT. No. 299049 | चलानी नं. ६०२१२८९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Exterior Cleaner | 3 | 0 | 1800 | ६५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Maintenance Technician | 3 | 0 | 1800 | ६५,४५५ | | | | | | | |
| 3 | Office Admin | 1 | 0 | 2200 | ८०,००० | | | | | | | |
| 4 | Window Washer | 3 | 0 | 1800 | ६५,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**

श्रम ईजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL BASICS COMPANY LTD.

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/१०/२१ | LT. No. 294112 | चलानी नं. ६०२०९३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 21 | 0 | 1800 | ६४,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOCIAL WELFARE CORPORATION

पूर्व स्वीकृति मिति २०८०/१०/१९ | LT. No. 299198 | चलानी नं. ६०२१४३३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब Yen | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 1 | 2 | 187,881 | १,६९,१२५ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव**:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**IMPERIAL OVERSEAS PVT. LTD.**

Govt. Lic. No. 816/066/067

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4585530, 9840098991
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUEEN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मितिः २०८०/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 296100 | चलानी नं. ६०२१४३१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 50 | 0 | 1000 | ३५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ५३२/२०६१/०६२

Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAD INDUSTRIAL AND TRADING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 286331 | चलानी नं. ६०२०१८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1200 | ४२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धी व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने** :१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASHRAF BICYCLES STORE WLL

पूर्व स्वीकृति मिति २०७९/१०/१९ | LT. No. 299278 | चलानी नं. ६०२१४३०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 1 | 0 | 150 | २८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**

Govt. License 1294/074/075

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WALEEFAH SWEETS CO.

पूर्व स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 299357 | चलानी नं.६०२१४३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging and Filling Labor | 3 | 0 | 1000 | ३५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ARANIKO OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. 267/058/059

Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com


# Kawasoti Municipality
## Office of the Municipal Executive
### Gandaki Province, Nepal

## Invitation for Bids

**First Date of Publication: 2080/10/22**

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos.and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Opening Date | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 14/KM/NCB/080/81 | Ward No 16 Ko Bibhaan Sthan Ko Bato Strannoti | 77,30,652.27 | 2080/11/23, BS) Upto 12:00Hr | 2080/11/23, BS) 13:00Hr | 120 days | 2,30,000 | 3000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp

Chif Administrative Officer

## 'सम्झना आउँछ'मा पूर्णबहादुर र रिया

गायक तथा संगीतकार योत्तुम्बा रमेशराज लिम्बूको नयाँ गीतको भिडियो सार्वजनिक भएको छ । 'सम्झना आउँछ' बोलको यस गीतको भिडियोमा गायक रमेशराजले नै निर्देशन गरेका हुन् । यो गीत रमेशराजको 'रिक्वेस्ट' नामक एल्बममा समावेश छ । यस गीतको भिडियोमा पछिल्लो समय चर्चामा आइरहेको मोडल पूर्णबहादुर लिम्बू र रिया लामाले मोडलिङ तथा अभिनय गरेका छन् । भिडियोमा निर्माणमा केही कमजोरी देखिए पनि मोडलद्वयको केमेस्ट्री सुहाएको छ ।



# सिर्जनाको मूल्यको खोजी : टिकटमा मुक्तक




■ प्रभाव संवाददाता

**गण्डकी–** माछापुच्छ्रे फेवातालमा डुबुल्की मार्ने प्रकृतिको वरदान विश्वकै पर्यटकीयस्थल पोखरा कलाका क्षेत्रमा पानी रङको सहर हो भने अन्य साहित्य सिर्जनाको प्रेरक गन्तव्य होभन्दा अत्युक्ति हुँदैन । कवि शिरोमणि लेखनाथ पौड्यालदेखि जनकवि केशरी धर्मराज थापा, लोक कवि अलिमियाजस्ता थुप्रै नेपाली साहित्यका मूर्धन्य व्यक्तित्वको जन्मथलोसमेतले यो साहित्यिक पर्यटनको पनि विशिष्ट गन्तव्य हो भनेर चिनाएको छ ।

पुराना मात्र नभई पछिल्ला पुस्ताका दर्जनौं कवि, कवयत्री र कलाकार पोखराले जन्माएको छ । नेपाली साहित्यका क्षेत्रमा स्थापित सरुभक्त, तीर्थ श्रेष्ठ हुँदै पछिल्लो पुस्ताका उदयमान कवि तथा कवयत्रीका कारण यहाँको साहित्यिक गरिमा र महत्व चुलिएको छ ।

साहित्य केवल इच्छुकले रचना गर्ने, पारखीबीच सुन्ने सुनाउने र ताली बजाउने मात्र नभई यसको पनि मूल्य हुन्छ भन्ने कुरालाई स्थापित गर्न पोखरेली साहित्यकाले सुरु गरेका टिकटमा मुक्तक अभियान होस् वा साहित्यको जगेर्नाका लागि यहाँबाट गरिएका प्रयासले राष्ट्रव्यापी चर्चा पाउँदै आएका छन् । सिर्जनाको मूल्य हुन्छ है भन्ने सन्देशलाई साहित्यका क्षेत्रमा स्थापित गराउन विसं २०३५ माघ २० गते पोखरामा पहिलो पटक टिकटमा मुक्तक कार्यक्रम सम्पन्न भएको थियो ।

पोखरेली युवा सांस्कृतिक परिवारको आयोजनामा तत्कालीन समयमा दुई रूपैयाँको टिकटदेखि सुरु गरिएको उक्त कार्यक्रम साहित्यक क्षेत्रको गौरवमय इतिहास बनेको परिवारका अध्यक्ष उपेन्द्र पौडेलले बताए । मुक्तकको कुम्भमेलाका रूपमा लिइने यो अभियान तत्कालीन पञ्चायती शासनभर नियमित सञ्चालन भएको उनले बताए ।

पछिल्ला समयमा यसले नियमितता नपाए पनि विभिन्न सन्दर्भ विशेषमा उल्लेख गर्दै आइएको बताउँदै पौडेलले ४५ वर्षपछि विशेष समारोहकाबीच टिकटमा मुक्तक शनिबार पोखराको उद्योग वाणिज्य सङ्घको सभाहलमा भव्यताका साथ सम्पन्न भएको जानकारी दिए ।

'विसं २०३५ माघ २० गते टिकटमा मुक्तक कार्यक्रम भएकै दिन पारेर यस वर्ष पनि माघ २० मा नै पुनःएक नयाँ शृंखला जोड्न खोजेका हौं', उनले भने, 'टिकटमा मुक्तक कार्यक्रमले सिर्जनाको पनि मूल्य हुन्छ भन्ने मान्यता स्थापित गर्दै स्रष्टाका रचना र वाचन टिकटमा सुन्नुपर्ने संस्कारलाई संस्थागत गरेको छ ।'

मुक्तक हेर्नका लागि एक सय, दुई सय, पाँच सय र एक हजार रूपैयाँ दरका टिकट राखिएकामा छ सय ५० वटा टिकट बिक्री भएको अध्यक्ष पौडेलले जानकारी दिए । संस्थाले नेपाली साहित्यका क्षेत्रमा स्थापित एवं नवोदित गरी ३१ जना मुक्तककारका मुक्तकलाई समावेश गर्न खोजे पनि स्वास्थ्य एवं कार्यव्यस्तता कारण दुई जना उपस्थित हुन नसकेपछि २९ जनाले मुक्तक सुनाएका थिए ।

साहित्यकार सरुभक्त, बुँद राना, नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोनेलगायत कास्की, तनहुँ, लमजुङ, पर्वत, गुल्मी, काठमाडौं र भैरहवाबाट सहभागी मुक्तककारले जनही तीन तीन वटा मुक्त, वाचन गरिरहँदा कतिपय मुक्तक सहगागी स्रोताको बढ्दो मागसँगै दुई/दुई पटक सुनाउनुपरेको थियो ।

साहित्यका सरुभक्तले ४५ वर्षअघि यही ठाउँमा भवन नभएका अवस्थामा टिकटमा मुक्तक कार्यक्रम गरेको अनुभव सुनाउँदै त्यसले मुक्तक सुन्न पोखरा जाऔं भन्ने आहान बनेको बताए ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा प्राकृतिकरूपमा मात्र नभई कला, संस्कृति र साहित्यका क्षेत्रमा अग्रणी रहेको बताए । कार्यक्रमका अवसरमा नेपाल मुक्तक प्रतिष्ठानकोतर्फबाट रु ५१ हजारसहित साहित्यकार सरुभक्तलाई भीमदर्शन मुक्तक पुरस्कारबाट सम्मानित गरिएको थियो ।

# डेबिटलाई भ्याइ-नभ्याई

■ प्रभाव संवाददाता

**काठमाडौं –** दर्शन सलाम गर्दै भ्याइ नभ्याई भएका गायक डेबिट शंकर अहिले मेला महोत्सवमा रुचाइएका गायक हुन । पूर्वी जिल्ला पाँचथर रानिगाउँमा जन्मेका डेबिट हाल काठमाडौंलाई कर्मथलो बनाउँदै आएका छन् ।

गायन प्रतियोगिता पाँचथर तारा-२०६२ सालका बिजेता भएपछि गीत संगीतमा होमिएका डेबिटको पहिलो गीत मायाको संसारमा रहेको थियो । २०६८ सालमा पहिलो एल्बम माई ड्रिम्स, दसैं र इन्टिमेट गरि ३ एल्बम बजारमा ल्याएका थिए ।

जतातत‍ै पहिलो नम्बरमा गीत गुन्जिन नछोडेको लगत्तै दर्शन सलाम छका पन्जा ४ फिल्मको बजारमा हिट भैसकेपछि डेबिटको भाग्यमा सरस्वतीले आशिर्वाद बर्साइदिएपछि अहिले मेला, महोत्सव, गीत रेकर्डिङ र देश विदेशमा हुने संगीतिक कार्यक्रममा डेबिटको अहिले भ्याइ नभाइ छ । वरिष्ठ गीतकार राजेन्द्र थापाको शब्द रहेको उक्त गीतमा दिपक शर्माको संगीत रहेको छ भने साहिमाले स्वरमा साथ दिएकी छिन् ।

डेबिट भन्छन् घिन घिन मादल गीत गाउने अवसर मलाई आउथेन भने म आज डेबिट शंकर भनेर चिनिने थिइँन । विकाश चौधरीको संगीत रहेको उक्त गीतमा प्रदीप भारद्वाजको शब्द रचना थियो । भने अन्जु पन्तले स्वरमा साथ दिएकी थिइन् । अहिले यो गीत प्रत्येक बर्षको असार १५ को गीतहरू मध्ये धेरै बज्ने गीतको शीर्ष स्थानमा बज्ने गीतमा पर्दछ ।



आहिले डेबिट पर्स गयनको चर्चित नाम हो । उनले १२ दर्जनभन्दा बढी गीत गाएका छन् । मेरो त भाग्य, सलल बजेको पानी, पिरतिको गुन्द्री, घिन घिन मादल, दर्शन सलाम, पहिलो नम्बरमा जस्ता धेरै गीतहरू बजारमा हिट छन् । उनी आधुनिक गीतमा पनी उत्तिकै न्याय दिने गायकहरूको पहिलो स्थानमा पर्दछन् ।

एकदम सरल स्वभाव भएका डेबिट संगीतमा पनी उत्तिकै सरल तरिकाले गाउने गर्दछन् । उनले गाउने बेला संगीतकारको लय र गीतकारको भावलाई निकै न्यायोचित तरिकाले प्रस्तुत गर्दछन् । म जन्मेको गीत गाउनकै लागी र मर्न पनि गाएरै पाउँ भन्छन् डेबिट ।

आज भोलिको गायकहरूले संस्कार भुलेर आएको देखिन्छ । छिटो हिट हुने चाहना राखेर छाडा, अश्लिल, अमर्यादित गीतहरूलाई प्राथमिकतामा राखेर गाउने गरेको पाइन्छ । म शास्त्रिय संगीत र पार्श्व संगीतको पढेर बुझेर आएको हुँ त्यसैले मैले संगीतको पूजा गर्न जानेको छु । त्यसैको फल पनि हो आज मलाई डेबिट शंकर चिनिएको छु भन्छन् ।



# विश्वविद्यालय खेलकुद आजदेखि, लोगो सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा हुने प्रथम विश्वविद्यालय खेलकुद प्रतियोगिताको लोगो तथा रनिङ ट्रफी सार्वजनिक गरिएको छ । आइतबार आयोजित पत्रकार सम्मेलनमा राखेपका उपाध्यक्ष एवम् प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यदलका संयोजक शिव कोइरालाले प्रतियोगिताको लोगो र रनिङ ट्रफी सार्वजनिक गरेका हुन् ।

प्रतियोगिता सोमबारदेखि सुरु हुँदैछ । प्रतियोगितामा एथलेटिक्स, भलिबल, टेबलटेनिस र ब्याडमिन्टन गरी चार खेलको प्रतिस्पर्धा हुनेछ । भलिबलमा छात्र टोलीको मात्र सहभागिता रहने छ । एथलेटिक्स त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा, ब्याडमिन्टन त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा, टेबलटेनिस लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा र भलिबल जावलाखेलस्थित राष्ट्रिय खेलकुद प्रशिक्षण केन्द्रमा खेलाइने छ ।

प्रतियोगितामा विभिन्न १० विश्वविद्यालयका दुई सय ८० जना खेलाडी सहभागी हुनेछन् । एथलेटिक्समा १२, भलिबलमा एक तथा टेबलटेनिस र ब्याडमिन्टनमा समान पाँच-पाँच गरी कुल २३ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ । पत्रकार सम्मेलनमा उपाध्यक्ष कोइरालाले सम्बन्धित विश्वविद्यालयका प्रतिनिधिसँगको छलफलपछि चार खेल समावेश गरिएको बताउँदै विश्वविद्यालयहरूले पनि खेलकुदलाई महत्व दिउन् भन्ने उद्देश्यले राखेपले प्रतियोगिताको थालनी गरेको जानकारी दिए ।

खेलकुद प्रतियोगिता तथा योजना विभागका प्रमुख मिनकुमार शर्माले सहभागी सबै विश्वविद्यालयले छनोट प्रतियोगिता सम्पन्न गरिसकेको बताए । दुई दिने प्रतियोगिता सञ्चालन गर्न करिब ४० लाख रूपैयाँ खर्च हुनेछ । पत्रकार सम्मेलनमा राखेपका निमित्त सदस्यसचिव प्रकाशकुमार कसारी, राखेपका सदस्य अञ्जन धमला, प्रशासन विभाग प्रमुख प्रेमबहादुर मल्ल, प्रचारप्रसार शाखाका प्रमुख खुशराज दाहाल, कानुन शाखाका प्रमुख नारायणराज अर्याललगायतको उपस्थिति रहेको थियो ।

# भारत २५५ रनमा समेटियो

**काठमाडौं (एजेन्सी)–** इङ्ल्यान्डविरुद्धको दोस्रो टेस्ट क्रिकेटको तेस्रो दिन आइतबार घरेलु टोली भारत आफ्नो दोस्रो पालीमा दुई सय ५५ रन बनाउँदै अलआउट भएको छ । अब भ्रमणकारी टोली इङ्ल्यान्डले भारतलाई हराउन दोस्रो पालीमा तीन सय ९९ रन बनाउनु पर्नेछ ।

दोस्रो पालीमा भारतका लागि युवा ब्याट्सम्यान शुभमन गिलले शतकीय पाली खेले । तेस्रो नम्बरमा क्रिज समाल्न आएका गिलले एक सय चार रन बनाए । उनले एक सय ४७ बलको सामना गरी दुई छक्का र ११ वटा चौका पनि हिर्काए । अक्सर पटेलले पनि टोलीको खातामा ४५ रन थपे । छैटौं नम्बरका ब्याट्सम्यान पटेलले ८४ बलमा ६ चौका पनि प्रहार गरे । रविचन्द्रन आश्विनले २९ रन बनाए । श्रेयस ऐयर पनि २९ रनमै पेभेलियन फर्किएका थिए ।

ओपनर यशस्वी जैसवाल १७ र कप्तान रोहित शर्मा १३ रनमा आउट भए । दोस्रो पालीमा भारतका अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । इङ्ल्यान्डका बलर टम हर्टलीले चार विकेट लिए । रेहन अहमदले पनि तीन विकेट हात पारे । जेम्स एन्डर्सनले दुई र सोएब बसिरले एक विकेट लिए । दोस्रो टेस्टमा टस जिती पहिले ब्याटिङको निर्णय लिएको भारतले आफ्नो पहिलो पालीमा तीन सय ९६ रन बनाएको थियो । पहिलो पालीमा भारतका लागि यशस्वी जैसवालले दुई सय नौ रन बनाएका थिए । इङ्ल्यान्ड भने पहिलो पालीमा दुई सय ५३ रन बनाउँदै अलआउट भएको थियो । शृंखलाको पहिलो टेस्टमा इङ्ल्यान्डले भारतलाई हराएको थियो ।

यसैगरी अस्ट्रेलियाले दोस्रो एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा भ्रमणकारी टोली वेस्ट इन्डिजलाई ८३ रनको फराकिलो अन्तरले हराएको छ । जितसँगै घरेलु टोली अस्ट्रेलियाले तीन खेलको शृंखलामा २-० को अग्रता हासिल गरेको छ । सिड्नीमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको अस्ट्रेलियाले नौ विकेटको नोक्सानीमा दुई सय ५८ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको वेस्ट इन्डिजले भने ४३.३ ओभरमा अलआउट हुनुअघि एक सय ७५ रनमात्र बनाउन सक्यो । पहिले ब्याटिङ गरेको अस्ट्रेलियाका लागि सिन एबटले ६९ रनको योगदान गरे । म्याथ्यू सर्टले पनि ४१ रन बनाए । एरोन हार्डी २६ रनमा आउट भए ।


## Invitation for Bids

### Dhangadhi Sub-Metropolitan City
### Office of the Municipal Executive
Dhangadhi, Kailali

**INVITATION FOR THE BIDS**

**Re-Tender**

***Date of Publication: 5th Feburary 2024 (2080/10/22 B.S.)***

1. **Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the supply works mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | 39/DSMC/ 2080/081 | Procurement for Supply and Delivery 1 (One) Unit of Truck Mounted Road Sweeper (Broomer) | 2,10,000/- | 3,000/- | Hard Copy Not Acceptable |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: *dhangadhimun2013@gmail.com*, Phone no. +977-091-525506 or may visit PPMO e-GP system *www.bolpatra.gov.np/egp.*

**Chief Administrative Officer**

## श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.
(ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं ३,पुल्चोक)

बाट ऋण लिई समयावधी भित्र चुक्ता नगर्ने ऋणीहरुलाई

### कर्जा चुक्ता गर्न आउने बारेको १५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२२**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले विविध प्रयोजनको लागि लिएको कर्जाको यस संस्थासंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज र अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको तथा पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गर्दा समेत चुक्ता नगरेकाले मिति २०८०/०७/२४ गतेको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा २१ दिने सूचना प्रकाशित गरी सम्पुर्ण साँवा, ब्याज लगायत अन्य दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मिति सम्म उक्त कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बसेको हुँदा, यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली तथा सहकारी ऐन नियमावली अनुसार ऋणी तथा व्यक्तिगत जमानी बस्ने सदस्यको फोटो सहितको १५ दिने सूचना प्रकाशित गरिएको छ । यस सूचना प्रकाशित मितिले १५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने बाँकी रहेको सम्पुर्ण रकम (साँवा, ब्याज, र अन्य दस्तुर) समेत चुक्ता गर्नुहोला । अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली अनुसार ऋणी तथा व्यक्तिगत जमानी बस्ने व्यक्तिहरुको चल अचल सम्पत्तिहरुबाट र कानुन बमोजिम निजहरुको घर घरानाबाट समेत असुल उपर गरिने व्यहोरा सूचनाद्वारा जानकारी गराईन्छ । **तपशिल**

| सि. न. | ऋणीको ठेगाना तथा तिन पुस्ते विवरण | व्यक्तिगत जमानत दिनेको ठेगाना तथा तिनपुस्ते विवरण | कर्जा शीर्षक |
|---|---|---|---|
| १. |  साविक बागमती अञ्चल काभ्रेपलाञ्चोक जिल्ला सापिङ्ग गा.वि.स. वडा नं.४, (हाल बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला भुम्लु गा.पा. वडा नं १)मा जन्मस्थान भई हाल बागमती प्रदेश ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. १३, कुसुन्तीमा बसोबास गर्ने **श्री ईन्द्र प्रसाद अधिकारी**को नाति **श्री नारायण अधिकारी**को छोरा (ना.प्र.नं ०१-६९-००१५५, काभ्रेपलाञ्चोक) वर्ष २८ को **श्री सक्षम अधिकारी** । |  साविक बागमती अञ्चल ललितपुर जिल्ला ईकुडोल गा.वि.स. वडा नं. ६ (हाल बागमती प्रदेश ललितपुर जिल्ला भट्टेडाँडा वडा नं. ५) मा जन्मस्थान भई हाल बागमती प्रदेश ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. १३, कुसुन्तीमा बसोबास गर्ने **श्री टेक नारायण दाहाल**को नाति **श्री हेम प्रसाद दाहाल**को छोरा (ना.प्र.नं. १४१३, ललितपुर) वर्ष ५२ को **श्री हरि दाहाल** । | व्यक्तिगत जमानत कर्जा |

# मलेसियाली काराबास केन्द्रबाट भागेका ४१ रोहिंग्या शरणार्थी पक्राउ

**क्वालालम्पुर-** म्यानमारबाट आएका १३१ आप्रवासीले हिरासत केन्द्रमा तोडफोड गरी फरार रहेका ४० भन्दा बढी रोहिंग्या शरणार्थीलाई मलेसियाली प्रहरीले पुनः पक्राउ गरेको छ ।

उत्तरी पेराक राज्यको बिदोर अस्थायी अध्यागमन केन्द्रबाट भाग्नुअघि बिहीबार ११५ रोहिंग्या आप्रवासी र अन्य १६ जनाले आफ्नो हिरासत भवनमा दंगा मच्चाएका थिए । रोहिंग्याहरू आफ्नो बौद्ध बहुल मातृभूमि म्यान्मामा उत्पीडनको सिकार भई भागेर सम्पन्न, मुस्लिम बहुल बंगलादेश, मलेसिया, इन्डोनेसिया र अन्य मुलुकहरूमा पुगी शरणार्थी शिविरहरूमा बस्दै आएका छन् ।

थाइल्याण्डसँगको खुला सिमाना भएर डुंगा चढेर मलेसिया छिर्न वा लुकिछिपी मलेसिया प्रवेश गर्न उनीहरूले महिनौं लामो समुद्री यात्रा गर्ने गरेका छन् । यसरी अवैधरूपमा विभिन्न मुलुक पुग्ने उनीहरूलाई पक्राउ गरी शिविर तथा हिरासत केन्द्रमा पठाइन्छ जहाँ सामान्यतया भीडभाड र फोहोर भएको अधिकारवादी समूहहरूले बताएका छन् ।

यसैबीच, अँध्यारोमा राजमार्ग पार गर्ने क्रममा बिहीबार भएको सडक दुर्घटनामा एक रोहिंग्या शरणार्थीको मृत्यु भएको पुष्टि भएको छ । सार्वजनिक सूचनाका आधारमा ४१ जना रोहिंग्यालाई पाम आयल इस्टेट र नजिकैको तापाह र बिदोर सहर वरपरको जंगलमा पुनः पक्राउ गरिएको पेराकका प्रहरी प्रमुख मोहम्मद युसरी हसन बसरीले एएफपीलाई बताए ।

'हामीलाई विश्वास छ धेरै जना जंगलमा लुकेर बसेका छन्,' उनले भने, 'पक्राउ परेका सबैजना भोकाएका र थाकेका पाइएका छन् ।'

युसरीका अनुसार फरार अन्य १३६ जना रोहिंग्यालाई प्रहरी र अध्यागमन अधिकारीहरूले जंगल, नदी र गाउँहरूमा खोजी गरिरहेका छन् । दुई वर्षमा यस्तो ब्रेकआउट भएको यो दोस्रोपटक हो । सन् २०२२ मा उत्तरी पेनाङ राज्यमा ५२८ रोहिंग्या शरणार्थी हिरासतबाट भागेका थिए । राजमार्ग पार गर्ने क्रममा छ जनाको मृत्यु भएको थियो भने सयौंलाई पुनः पक्राउ गरिएको थियो ।

हालैका महिनाहरूमा म्यान्माबाट भाग्ने जातीय रोहिंग्याहरूको संख्यामा वृद्धि भएको छ । मध्य नोभेम्बरदेखि जनवरीको अन्त्यसम्ममा म्यान्माबाट भागेका एक हजार ७५२ रोहिंग्या शरणार्थीहरू इन्डोनेसिया पुगेका संयुक्त राष्ट्रसंघको रेकर्डले देखाएको छ । यसमध्ये अधिकांश महिला र बच्चाहरू छन् ।

संयुक्त राष्ट्रसंघ शरणार्थी मामिला हेर्ने निकाय (युएनएचसिआर)का अनुसार सन् २०१५ यता मुस्लिम बहुल रहेको यी मुलुकमा पुग्ने सबैभन्दा ठूलो आप्रवासी संख्या हो । सन् २०२२ मा तीन हजार ५०० भन्दा बढी रोहिंग्याले दक्षिणपूर्वी एसियाली मुलुकहरूमा जोखिमपूर्ण यात्रा गर्ने गरेको अनुमान गरिएको छ ।

युएनएचसिआरका अनुसार सन् २०२२ को सुरुदेखि अहिलेसम्म करिब एक हजार रोहिंग्याको मृत्यु भएको छ वा उनीहरू बेपत्ता भएका छन् । एक लाखभन्दा बढी रोहिंग्या मलेसियामा रहेका र धेरैले गैरकानुनी रूपमा निर्माण र अन्य कम तलबको रोजगारीमा काम गरिरहेका छन् । *रासस/एएफपी*

## चिलीमा डढेलोमा परी ५१ जनाको मृत्यु

**भिना डेल मार (चिली)-** चिलीमा लागेको डढेलोका कारण आइतबारसम्ममा कम्तीमा ५१ जनाको मृत्यु भएको छ भने सडक र घरहरू जलेर नष्ट भएका छन् । सुख्खा मौसम र तापक्रम ४० डिग्री सेल्सियस (१०४ डिग्री फरेनहाइट) सम्म पुगेपछि देशको मध्य र दक्षिणी भागमा आपत्कालीन अवस्था घोषणा गरेका छन् ।

डढेलोका कारण कम्तीमा ५१ जनाको मृत्यु भएको र घरहरू जलेर नष्ट भएका अधिकारीहरूले बताएका छन् । शनिबार अधिकारीहरूले 'प्रारम्भिक' मृत्यु संख्या १० जनाभन्दा बढी भएको हुनसक्ने बताएपछि राष्ट्रपति गेब्रियल बोरिकले डढेलो नियन्त्रणका लागि आवश्यक सबै स्रोत साधन उपलब्ध गराउने मार्गप्रशस्त गर्दै तत्काल 'विपत्तिका कारण आपत्कालीन अवस्था' को घोषणा गरेका थिए ।

